CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राम वंशो ईतिहास

(पौड्याल वंशावली)

क्र. ५६८

लेखक काशीराम शर्मा शास्त्री

प्रकाशक नारायण प्रसाद पौडेल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्री महेन्द्र संस्कृत
विश्वविद्यालय अन्तर गत
वाल्मीकि क्याम्पस पुस्तकालयलाई-
काशी राम पौड्याल द्वारा,-
"रामवंशेतिहासको"
पौडेल वंशावली "समर्पित"

०४६।९।१८ मा

SANSKRIT UNIVERSITY 1986 A.D.
वाल्मीकि विद्यापीठ-पुस्तकालय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ाल्मीकि विद्यापीठ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

"लेखकको मन्तव्य"

यो "राम वंशेतिहास" मेरो सानो ऐतिहासिक "खण्ड काव्य हो। कुनै पनि कुराको अन्वेषण गर्दा के कस्तो दुःख वा सुख हुन्छ भन्ने कुरा कुनै पनि अन्वेषण कर्ताबाट बुझ्न सकिन्छ। प्रसूति कालको वेदना बाँझी नारीले अनुभव गरेकी हुन्नन्।

यस कारण मैले भनिरहन पर्ने कुरा छैन। मेरो अध्ययनको आधारमा मैले यो कुनै ठुलो कुरा गरे जस्तो पनि मलाइ लाग्दैन। यसमा सवैले जाने बुझेका सामान्य कुराहरू नै छन्। (क) मैले बिश्वेतिहास करीव १५००) सय श्लोकमा पाण्डुलिपीको पुस्तक तयार गरेको छु। (ख) प्रकृति पुरुषको एक झलक" भन्ने खण्डकाव्य प्रकाशोन्मु- ख अवस्थामा छ।

(ग) नेपालका वीर वीराङ्गना" भन्ने शीर्षकमा" नेपाली इतिहासको पुस्तक लेखेको छु। (घ) नेपाली जन जीवन" भन्ने शीर्षकमा आधुनिक (समसामयिक) खण्डकाव्यको पुस्तक तयार गरेको छु।

"पुराणहरुमा अवतारवाद" भन्ने शीर्षकमा पुराण वक्ताहरूको लागी अत्यन्त उपयोगी हुने संस्कृत भाषामा पुस्तक लेखेको छु। अन्वेषण र इतिहासको महत्व न बुझेका अहंमानी, " वानरावृत्ति वानरका जस्तो स्वभाव " भएका व्यक्तिहरुको लागी यो " राम वंशेतिहास " कपोल काल्पित, गाउं खाने कथा " जस्तो गीत हुन सक्तछ भने, इतिहासका अन्वेषण कर्ताको लागी यो एउटा अमोघ राम वाण नै वन्नपुग्ने कुरामा कुनै शंका छैन।

यो वंशावलीलाई श्रीवत्सराज, श्रीदेव, तथा कृष्णरामका छोरा चावा संम आ आँफ्ना पुर्वाहरुसवैले समावेस नगराए सम्म मेचीदेखी महाकाली– सम्मका सिग्देल तथा अर्याल र पौड्याल बन्धुहरूकोवंशावलीहोभन्न मिल्दैन। किन भने उक्त वत्सराजसम्मको क्रमवद्ध रुपमा पुर्वाहरू जोड्ने काम यसमा- गरिएको छैन। उपर्युक्त व्यक्तिहरुका सन्तानहरूनैसिग्देल पौड्याल अर्याल वन्न पुगेका छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अहिले सम्म प्रकाशित पौड्यालवंशावलीलाई अवलोकन गर्दा वत्सराजर श्रीवत्सराज नैसवैका महत्वपूर्ण साझा वाजेको रूपमा देखिनछन्

यसले धौलागिरि र गाण्डकी अञ्चलकोसीमाङ्कन रेखा कार्की नेटादेखि पूर्व र पश्चिमतर्फ वसोवास गर्ने प्रशस्त पौड्यालहरूलाईसमेटेको छ। यो वंशावली को महत्व पनि स्पाङ्जाजिल्लाको पश्चिमी भेगमार पर्वत जिल्लाको पूर्वीभेगमा समाविष्ट छ । कुनै पनि वंश वर्णन क्रममा क देखि ज्ञ. सम्मका सवैं सन्तान–हरूको यथार्थ वर्णनपाइदैन । तसर्थः यहाँ पनि कतिपयठाउंहरूमा हाँगामात्र–छुट्याए र छोड्ने काम भएको छ। यस कारण मेरो हाँगो माथिवाटैछुटयो मेरापिता, पितामह, आदिको उल्लेख न भएकोले मेरोनिम्ति यो ईतिहास अधुरो छ भनेरठान्नुभन्दा म कुन तहमाछु मनेर शोच्नुबेसहोला ?

साथै रामप्रसादका पनाति कल्याणदेखि सातौं (७) पुस्तामा पर्ने नन्दरामलाई पितृपक्षमा श्राद्धगरेर पीण्ड दिनेव्यक्तिहरु जीवितै भएकोलेर कल्याण का दाजु रामखरकासात (७) भाइ छोराहरुको समेत यथोचितहांगो छुट्या नेकाम स्पष्ट संग गरिएकोले रामप्रसादलाईपुर्खामान्ने व्यक्तिहरुले हामीयस भीत्र समावेशभएनौं भनेरशङ्का उठाउनु " शशशृङ्गवत् " खरायोकोसिङ् हुन्छभने जस्तै हो। तथापि यो इतीहासको आस्तित्वरऔचित्वको वारेमा पाठक वर्ग–लेनै छुटयाउंने छन् ।

मलाई प्रशंशा गर्ने व्यक्तिको भन्दा आलोचनार उपेक्षागर्ने व्यक्तीको खाँचो छ। तिनै मेरा धन्यवादका पात्रहुनेछन् ।

रामवंशेतिहासको प्रकाशन कार्यमा अत्यधिकचासो देखाएर आधाखर्चको भार समेत वहनगरीछिटो भन्दा छिटो प्रकाशन गरिदिनु भएकोमा काकाश्रीनारायण प्रसाद पौडेल प्रति वढी आभारी छू ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

साथै श्रद्धेय पितामह श्रीदत्त पड्याल र वहाँकासर्वपरिवारले प्रकाशनमा यथोचित सहयोग गर्नु भयकोमा वहाँहरु सबै प्रति आभार व्यक्त गर्न चाहान्छु । राम वंशेतिहासको सर्वाधिकार लेखकमानै निहीत छ ।

जाति सुकै मृतक लासहरू फयाँके पनिगंगाको पवित्रता यथा स्थितिमानै कायमभएकोपाइन्छ । अस्तु ।

लेखकः–

काशीराम शर्मा शास्त्री "पूर्वेतिहासस्वज्ञाता"
स्नातकोत्तर डिग्री नेपाली विएड्
राजनीतिशास्त्रया " अनर्स "

…विद्यापीठ–पुस्तकालय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

समर्पण

श्रद्धेय हांरा समस्त पुर्वंज–हरुमा सादर समर्पण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्री

प्रस्तुत पुस्तकको बारेमा

काशीराम शास्त्रीले पौड्यालहरुको वंशावलीको खोज गर्दैछन भन्नेकुरा सुनेको थिए। र तत्संवन्धी विषयमा जिज्ञासा बढेको थियो। एक दिन काशीरामले बनाएको वंशवर्णन को पुस्तक जो कापीमा लेखिएको थियो अद्योपान्त पढने मौंका मिल्यो। तथ्यपूर्ण खोजमा आधारीत वंश वर्णन सुन्न पाउदा मलाई पनि खुशी लाग्यो दुवैजनाको विच पुस्तककाकारको रुप दिन पाए हुन्थ्यो। भन्ने कुरा चल्यो यस विषयमा केहि पौड्याल वन्धुहरूसंग राय लिने र सोही अनुरूप पूस्तक प्रेसमा पठाउने भन्ने निर्णयमा काशीराम र म पुग्यौ कसैं संगवाट पनि चाख लिईएको पाईएन कुनैं वन्धुहरुवाट त हामीलाइ उडाइ हतोत्साही वनाउने कार्य पनि भयो। अर्थाभावको कारण कसरी पुस्तक प्रेसमा लाने भन्ने जटिल समस्या खडा भयो। प्रेस आफ्नै भएकाले प्रेसमा सहयोग मैंले गर्ने कवुल गरे यसरी पुस्तक तैंयार भयो।

सिमीत खोज तलासवाट तैयार गरीएको यस पुस्तक काशीराम को पहिलो प्रयास भएकाले सवैले खोजेको कुरो भेटन नसके पनि आफ्नो गरीमामय कुलको वंश वर्णन पुस्तक तैंयार गरेकोमा लेखक धन्यवाद का पात्र छन भविष्यमा पौड्यालहरूको वंश वर्णन क्रमलाई विस्तार गर्दै जाने सफलता लेखकलाई मिलोस भन्ने शुभ कामना व्यक्त गर्दछु।

प्रकाशक

नारायण पौड्याल
वि० ए राजनिती सास्त्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



लेखकः–

काशीराम शर्मा शास्त्री

स्नातकोत्तर डिग्री

" नेपाली विएड् "

" राजनिती अनर्स "

प्रकाशकः–

नारायण प्रसाद पौडेल

वि० ए० राजनिती शास्त्र

प्रविण प्रकाशन

नारायणघाट क्षेत्रपुर

चितवन

प्रथम प्रकाशन मिती २०४६।६।११

प्रथम संस्करण १०० / प्रति

सर्वाधिकार लेखकमा निहित

मुल्य रू० १०५।

मुद्रक :–

प्रतिभा छापाखाना

नारायणघाट क्षेत्रपुर

(चितवन)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रामवंशेतिहास

अपार रामको वंश मेरा अल्प विचारले ।
महासमुद्र तर्नेछु भने जस्तै छ माझिले ॥
(१)

विशाल भवमा धेरै भए ऋषिहरू पनि ।
अत्रिका वंशको टुक्रा यहाँ त्रिशङ्कु हुन्छ नि ॥
(२)

विश्वेतिहासलाई अवलोकनगर्दा अपार अगाध अतुलनीय वैभव युक्त सर्वोत्तम प्राचिनग्रन्थ ऋग्वेद मानिन्छ । तथापि - संसाररूपी समुद्रमा मानवादि जन्तु अनादि कालदेखि - पौढीरहेको पाइन्छ ।

कतिपय विद्वानहरूको भनाई अनुसार मानवादि प्राणीको सृष्टि परब्रहमबाट भएको हो भने कुनै विद्वानहरूको मतमा शाश्वत प्रवहनकारी प्रकृतिबाट भएको हो ।

जो जसबाट भए पनि सर्वप्रथम मानवादिको सृष्टि कहाँ भएको हो भन्ने प्रश्न उठ्दछ यसवारेमा पनि विभिन्न - विद्वानहरूको विभिन्न मत छ ।

तथा मैक्स मूलर, वेवर, बावर, आदिले सृष्टिको आदिस्थान, लेमूरिया हो भने इतिहासकार हण्डर साहिवले सृष्टिको पहिलो स्थान कास्पीयन सागरको समीपमा भएको हो भन्न पुगेका छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यस्तै दयानन्द सरस्वतीले सृष्टिको पहिलोस्थान तिब्बत हो भन्द छन् भने ? उमेश चन्द्र विद्यारत्नले मङ्गोलिया भएको हो भन्द छन् । एवं लोक मान्य तिलकले सृष्टिको प्रथम स्थान उत्तरीध्रुवको समिपमा भएको कुरा उल्लेख गरेका छन् । तर वी. सी. मजुमदार" हेनरी गल्कौंट मैंकडा नल सर विलियम जोन्स" सर वाल्टर रेले आदि विद्वानहरूले सृष्टिको पहिलो स्थान आर्यावर्तमानेका छन् । उक्त कुराहरू पं माधवाचार्य शास्त्रीले "पुराणदिग्दर्शन" नामक पुस्तकमा पनि उल्लेख गरेका छन् ।

विश्वमा सवभन्दा जेठो ग्रन्थ "ऋग्वेद „ मानिएको छ ऋग्वेदमा आर्यावर्त भनेर हिमालयदेखि विन्ध्याचलसम्म मानिएको छ । मेरो अल्प विचारले पनि पुर्वेतिहासको सारीश-लाई मनन गर्दा सृष्टिको पहिलोस्थान आर्यावर्त भएको कुरा निर्णय गर्द छ । आर्यावतको सीमाङ्कन ' अमर सिंहवाणाले „ यस प्रकार गरेका छन् । " आर्यावर्तपुण्यभूमि र्मध्यं - विन्ध्यहिमालयोः „ इत्यमर : „ ।

यसरी सृष्टिको पहिलोस्थान हिमालय प्रमाणित हुनआएको छ । आदिकालमा ब्रह्माले सृष्टिगर्दा पनि सवैमानसिक सृष्टिहरू आर्यावर्तभित्र नै वसेर गरेका कुराहरू पाइन्छन् । तसर्थ हाम्रा ऋषि मुनिहरू पनि हिमालयको जङ्गललाई जन्म स्थलो मानेर हिमालयको जङ्गलमानै वस्थे भन्ने कुरा आर्यइतिहास ले प्रमाणित गर्दछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

इतिहास कारहरुले पनि युगको विभाजन गर्दा क्रमशः काननयुग, पाषाणयुग, धातुयुग, विकाशयुग, गरी चार (४) युगमा विभाजित गरेका छन् तथापि विभिन्न युगको अनुभव गरेका मनुकों भनाई यस प्रकार छ। " एतद्देश प्रसूतस्य सकाशा दग्रजन्मनः, ।

स्वं स्वं चरित्रं शिक्षेरन् पृथिव्यां सर्वमानवाः,, इति - मनुस्मृतिः पुवीर्य इतिहास अनुसार शिक्षा दीक्षा अरण्यमा नै हुन्थ्यो र त्यहाँबाट नै सम्पूर्ण पृथीवीमा प्रचार प्रसार हुन्थ्यो भन्ने कुरा अवगत हुन आउँ छ।

क्रमशः हिमालयमा सृष्टि भयो, हिमाली प्रदेशमा काननयुग वित्यो, हिमालय प्रदेशमा शिक्षा दीक्षा प्रारम्भ भयो। पहाडी प्रदेशमा प्रचार भयो, तराही प्रदेशमा प्रसार र विकाश हुँदै समुद्र पार पुगेको हो भन्ने कुरा इतिहासले पनि वताएको छ।

यहि क्रम अनुसार हिमालयको वक्षस्थलमा विराजमान हिमवद खण्ड नेपालका आदि निवासी हाम्रा पुर्खा हरु पनि हिमाली प्रदेशबाट हिमालय प्रदेश, हिमालय प्रदेश वाट पहाडी प्रदेश पहाडी प्रदेशबाट तराही प्रदेशमा क्रमशः आएको कुरा इतिहासमा पाइन्छ।

यस कारण नेपालीहरू उत्तर पश्चिमबाट पूर्वदक्षिणतर्फ वसाई सदै आएकाहुन् भन्ने कुरा सर्व विदित छ।

तथापि कतिपय विद्वानहरूका भनाई यस प्रकार छ। आधुनिक विद्वानहरूले के भन्दछन् भने।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपाल भित्र वसोवास गरेका ब्राहमण क्षत्रियहरु भारतमा मुसलमान को उपद्रव सहनगर्न नसकी वर्तमान भारतको कुमाउँ गढवालको बाटो गरी क्रमसः वसाई सदै वर्तमान नेपाल भित्र आई वसोवास गरेका हुन भन्दछन् ।

यो भनाइ अनुसार पनि राम प्रसाद पौड्यालका पुर्खाहरू क्रमश वसाई सदै वर्तमान वाग्लुङ्ग जिल्लाको धुल्लू छिस्तीमा आएर वसोवास गरेको कुरामा कुनै शंका छैन । –

कति पय दाजु भाईहरुले अहिले पनि त्यहीनै वसोवास गरेका छन् ।

पश्चिमाञ्चल नेपालको धौलागिरि अञ्चल मध्ये बाग्लुङ्ग जिल्ला अन्तरगत धुल्लू छिस्तीनाम भएको एकसुप्रसिध्द गाउँ छ। जो काली गण्डकी देखि केही पश्चिम पर्दछ। त्यसै गाउँमा प्रचीनसमयमा, सृष्टिकर्ता ब्रहमाका दुवै - कानबाट (कुनै कल्पमा नेत्रवाट निःसृत) अनसूयाका पति - अत्रीऋषिका सन्तानहरु वस्तथे । दक्षप्रजापतिकी छोरी - अनसूयार अत्रीऋषि हाम्रा इतिहासमा सुप्रसिध्द छन् ।

(कुनै कर्दम ऋषिकी छोरी अनसूया भन्ने उल्लेख पाइन्छ यो कल्पान्तर भेद हुन सक्त छ।)

अत्रीऋषिकी धर्मपत्नी अनसूया बाट जन्मेका सन्तान हरू नै आत्रेय गोत्रवाला हुन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कसै कसैको भनाई के छ भने रामप्रसाद पौड्यालका पुर्खाहरु कुमाउँ गढवालबाट क्रमश बसाइ सर्दै आउँदा मल्लाजा भन्ने गाउँबाट धुल्लू छिस्तीमा आए र बसोबास गरेका हुन् । तर यो कुरा किटान गरेर भन्न सकिदैन ।

तसर्थ काहाँबाट धुल्लू छिस्तीमा आएका हुन् भन्ने कुरा अन्वेषण गर्न बाँकी नै राखिएको छ।

त्यस्तै रामप्रसाद पौड्याल कसका कुन चाहीं छोरा हुन भन्ने कुराको प्रमाण पनि प्राप्त गर्न सकिएको छैन । तथापि रामप्रसादका पिताको नाम पूर्णचन्द्र थियो रामप्रसाद कान्छा छोरा हुन् भन्ने कर्णपरं परा छ ।

तर कतिपय व्यक्तिहरुले रामप्रसाद माइला छोरा हुन् भनेर भन्द छन् । जे भए पनि राम प्रसादका तीन (३) भाई थिए भन्ने कुरामा कुनै शंका छैन । यिनी केवल माइला र कान्छा मध्ये कुनै एक थिए भन्ने अनुमान गर्न सकिन्छ ।

उक्त शंकाहरु बाँकी राखेर भए पनि रामप्रसाद पौड्यालका सन्तानहरुको यथा सम्भव वर्णन गर्ने प्रयासमात्र यहाँ गरिएको छ ।

राम प्रसादका पिता र दाजुभाइको अवस्था महाँकवि कालिदासका पिता र दाजु भाइका जस्तै भएपनि यिनलाई पुर्खा मान्नेको संख्या करीव ७५ पचहत्तर हजार जति देखिन्छ ।

धुल्लू छिस्तीमा राम प्रसादका पुर्खाहरु कहीले आएका हुन् भन्ने तिथिर मितिको प्रमाण प्राप्त गर्न सकिएको छैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तर पनि यहाँ एउटा प्रत्यक्ष प्रमाण के छ भने त्यहाँ करीब - ५० मुरी धान्न फलने खेतको गरो छ। यो छिस्ती गाउँका - पुछारतिर काली गण्डकी देखि धेरै माथितिर बीच पाखोमा - छ। यसलाई पुतलेनी गरो भन्ने गर्दछन् ! यो गरोलाई आँफ्नो अंशमान्ने केही पौड्यालहरुको उल्लेख गरिन्छ। ती गाउँहरु निम्न छन्।

[१] धुल्लू छिस्तीदेखि वसाई सर्दै जाँदो पुरानो गोल्कोट जिल्लाअन्तर त हाल वाग्लुङ्ग जिल्ला भित्र पर्ने " हुग्दिशीर " गा. पं. भित्र करोव ९९ प्रतिशत पौड्यालहरुले वसोवास - गरेका छन्।

[२] यस्तै वाग्लुङ्ग जिल्ला भित्र कै धन मूढा गा. पं. भित्र करिव ५० प्रतिशत पौड्यालहरूको वसोवास छ। ती सवै - पौड्यालहरूले छिस्तीको गरो लाई आँफ्नो अंश भन्द छन्।

[३] यस्तै हरेवा गाउँमा पनि २५ प्रतिशत पौड्याल हरूको वसोवासछ। यहाँका पौड्यालहरूले पनि धुल्लू - छिस्तीलाई आँफ्नो पुरानो स्थलो मानेकाछन्।

[४] गुल्मी जिल्ला भित्र ,,वामी टक्सारमा र - लामजाकोटको ञ,, गाउँमा पनि प्रशस्त पौड्यालहरू छन् यी सबैले छिस्तीको गरोलाई आँफ्नोपुर्खा बस्नेको - स्थलो मान्दछन्।

(क) हुग्दिशीर गा. पं. अन्तरगत वस्ने पौड्यालहरूले रतन मुरारि लाई कुलायन मानेर पूजा गर्दछन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गुल्मी चन्द्रकोटमा स्व. भु. पु. मन्त्री दयानिधि शर्मा आदि पौड्यालहरू वस्तछन् । यिनीहरूले पनि कुलायन पूजा गर्दछन् । उक्त सवै गाउँमा वस्ने पौड्यालहरूले पनि छिस्ती लाई नै पुरानो स्थलो मानेका छन् ।

[५] वाग्लुङ्ग जिल्ला अन्तरगत कालुङ्ग खोलाका पिपलावोटे पौड्यालहरूले श्रीवत्सराज र वत्सराज लाई कुलायन मानेर कुल पूजा गर्दछन् । यिनिहरूले पनि धुल्लू छिस्तीको गरोलाई आँफ्नो अंश अद्यावधि भन्दै छन् ।

उपर्युक्त पौड्यालहरूको संख्या जनगणनानुसार करीब एक लाख (१,०००००) जति अनुमान गर्न सकिन्छ ।

अब यहाँ केही आत्रेय गोत्र भएर विभिन्न थर हुनेको उल्लेख गरिन्छ ।

[१] पोखेरलहरू पनि पानि र दुधमा विभाजित भए र पौड्यालहरू संग गासिन र छुट्टिन पुग्दछन् । पौड्यालहरू संग गासिन पुग्ने पानो पोखेरलहरुको आत्रेय गोत्र हुन्छ । दूध पोखरेलको गोत्र भिन्नै हुन्छ ।

[२] खुलाल थर हुने जतिको पनि गोत्र आत्रेय नै हुन्छ

[३] पुवार थर हुने जातिको र बगाले थर हुने जातिको पनि गोत्र आत्रेय नै हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

[४] अर्थात् पनि विहारे र बगाले दुइ थरमा भिाजित छन् ।

[५] त्यस्तै पौड्यालहरू पनि सेता र काला भन्ने चलनहरू - प्रसिध्द छन् ।

यो माथिका सबै आत्रेय गोत्रवालाका प्रवर तिन (३) - हुन्छन् । यथा – आत्रेयाः अर्चनानसः श्यावाश्वः त्रिप्रवरश्चेति

[क] पुनश्च - पौड्यालहरूको वंशावलि अनुसार के कुरा - सुनिन्छ भने वर्णाकृतिको आधारमा वंशराजका सन्तानहरूलाई पौडिको डांडोमा गए र वसेकाहु नाले काला पौड्याल - भन्ने गरेका हुन् ।

[ख] श्रीवत्सराजका छोरा श्रीदेव पौडिको डांडोमा गए र - बसोवास गरेका ले यिनका सन्तानहरू पनि कालान्तरमा - पौड्याल कहलाए ।

[ग] यस्तै सदुका सन्तानहरूले आँफूलाई श्वेता पौड्याल - भन्दछन् ,प्रप्त पौड्याल वंशावलि अनुसार के कुरा अवगत गरिएको छ भने ?

[१] वंशराजका सन्तानहरूलाई काला पौड्याल भन्ने ।

[२] श्रीदेवका सन्तानलाई पौड्याल मात्र भन्ने ।

[३] सदुका सन्तानलाई श्वेता पौड्याल भन्ने ।

[४ श्रीकृष्णका सन्तानहरूलाई सिग्देल भन्ने ।

पौड्याल वंशावलि अनुसार माथिलेखिएक पूर्खाहरूबाट नै एउटै गोत्र भएका विभिन्नथरका मानिसहरू देखिन्छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(५) त्यस्तै कृष्णरामको जेठी पत्नीबाट जन्मेका चावाका सन्तानहरू अर्जिको डाँडोमा गएर बसेका हुनाले अर्ज्याल भए। कतै पौड्यालहरूमा राता र पँहेला पनि छन् भन्ने सुनिदैछ ।

धुल्लू छिस्तीको गरो लाई आँफ्ना पुर्खाहरूको अंश हो भन्ने- हुनिदछोरु गा. पं. सहितका बाग्लुङ जिल्लार गुल्मी जिल्ला - अन्तरगत वस्ने पौड्यालहरूले आँफूलाई काला पौड्याल - भन्दछन् । तर तथ्य र सत्य तिनीहरुले पनि पत्ता लगाएर भने जस्तो छैन । तथापि कर्ण परंपरा पनि कतै सत्य हुन आँउछ ।

छिस्तीबाट वसाई सर्दै बाग्लुङ जिल्ला भित्र वसोवास गर्न- र गुल्मी जिल्ला भित्र वसोवास गर्न सबै पौड्यालहरुले - कुलायनको (कुलदेवताको) पूजा गर्द छन् ।

तो मध्ये कसैले गुल्मीमा नै गएर मरेका मामा, भानिज रतन मुरारिको र कसले कुलवराहको । पूजा गर्दछन् ।

धुल्लू छिस्तीवाट पूर्व तर्फ वसाई सर्ने रामप्रसादको । सन्तानहरुको वंशवर्णन गर्नु भन्दा पहिले पौड्यालहरूको - पूर्वइतिहासको दिग्दर्शन मात्र गर्ने प्रयास यहाँ गरिन्छ ।

[१] ब्रह्माबाट अत्रि जन्मे यिनै अत्रिका सन्तानहरू आत्रेय - गोत्रका नामले प्रसिद्द छन् ।

[२] विश्वको जेठो ग्रन्थ ऋग्वेद हो ।

ऋग्वेदको मण्डल ५, सूक्त ६१ मा आत्रेय र श्यावाश्व ऋषिको कथा प्राप्तछ । त्यस्तै अर्चनावस (अर्चिनानस) - ऋषिको नाम वैदिक आर्ष परंपरामा पाइछ । अतः -

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आत्रेय गोत्रवाला तीन प्रवर यस प्रकार छन् ।

आत्रेयः, अर्चनानसः, (अर्चिनानसः,)श्यावाश्वः,त्रिप्रवश्चेति

[३] एउटा तर्क के छ भने वि. सं. पाँचौ शताब्दितिर " श्री रङ्गनाभ" नामक आत्रेय गोत्रवाला उपाध्याय ब्राह्मण – हरिद्धारको समीप वस्तथे। यिनका सन्तानहरु प्रशस्तभएको बुझिन्छ।

श्री रङ्गनाभ देखि बारहौं पुस्तामा उदैमह अर्थात् उदयभट्ट नामका ठुला विद्वान ब्रहमणको उदय हुन्छ । यिनै उदयभट्ट नेपाल तिर प्रवेश गरेको कुरा इतिहासहरुमा उल्लेख – पाइन्छ।

त्यसवेला केवल उदयभभट्ट मात्र नेपाल प्रवेश नगरे र उदयभट्टको साथमा श्रीरङ्गनामका सन्तान भएका – उदयभट्टका बन्धु बान्धवहरू पनि नेपाल प्रवेशगरेको अनुमान गर्न सकिन्छ ।

[१] तर पृथ्वीनारायणशाहका समकालीन शक्तिवल्भ – अर्ज्यालले आँफ्नो वंशवर्णन गर्दा उदयभट्टहरूलाई भारतीयराज्य हरिद्वारतिरबाट नेपाल प्रवेश गरेको कुरा उल्लेख नगरे र निम्न प्रकार लेखेका छन् । यथा–

कनौजको राजधानी धारा नगरवाट मुसलवानको उपद्रव सहन नसकी दुइ (२) भाइ पाहाड पसेका थिए। यी मध्ये जेठाको – नाम कुशवन्दा थियो । कान्छाको नाम उदयभट्ट थियो । –

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उदयभट्टका सन्तानमध्ये कोही सिग्दीमा गएर सिग्देलभए - पौडीमा जानेहरू पौडेल भए। अर्जिमा जानेहरू अर्याल (अर्जेल भए। मैघोमा जानेहरू मैघाली भए। पछि अर्यालमा वगालेर - विहारे २ दुइ थरी भए

यो कुरा वि. सं. २०३१ सालमा जगदम्वा प्रकाशनबाट - प्रकाशित बालकृष्ण पोखरेल द्वारा सम्पादित "पाँच सय वर्ष" - पुस्तकको पत्र संख्या ३९७ मा उल्लेख छ। तर जेठा कुश - वंदाका सन्ततिवारे कुनै उल्लेख छैन।

धेरै जसो व्यक्तिहरूको भनाइ के छ भने नेपालका धेरै जसो ब्राहमणहरू भारतको कानपुर अर्थात् कान्यकुब्ज अथवा — कन्नौजबाट नेपाल आएका हुन् भन्ने भनाइ छ।

करीव वि. सं. १०५३ सालतिर भारयीय राज्यबाट वसाई सर्दै आउँदा आत्रेय गोत्रवाला उदयभट्टका सन्तानहरू नेपालको विभिन्न स्थानहरु मा विभाजितभए र वस्न थालेको अनुमान - गर्न सकिन्छ।

कुरा के छ भने सम्वत १०५३ तिर हिन्दू राजा जयपाल - अफगानिस्तानबाट धपिए पछि क्रमशः भारतीय राजा रजौटा- पनि मुस्लिमबाट पराजय हुँदै जाँदा ब्राहमणहरू पनि भारतमा वस्न न सकेर नेपालतिर प्रवेश(प्रवेश)गरेका हुन् भन्ने उल्लेख इतिहासहरूमा पाइन्छ। यसै क्रममा श्री रङगनामका सन्तान भएका उदयभट्टहरू पनि नेपालतिर प्रवेश गरेका हूनसक्तछन्।

पौडेल वंश प्रकाशन समिति धुलावारी झापा द्वारा वि. सं. २०४२ साल वैशाख १ एक गते प्रकाशित गरिएको —

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

"पौडेल वंश प्रकाशन" पुस्तकमा लेखकः- पं. हरिप्रसाद - पौडेलले पौडेलहरूका पुर्खाहरूको क्रम निम्न प्रकार उल्लेख गरेका छन् ।

(१) ब्रहमा

(२) अत्रिः

(३) आत्रेयः (प्रवर – आत्रेयः अर्चनानसः श्यावाश्वः

(४) श्यावाश्वः

यहाँ सम्म वैदिक प्रमाण ।

कलियुगमा अहिले सम्मको प्राप्त प्रमाण ।

क्रमशः- पुर्खाहरूको नाम -

(१) श्री रङ्गनाथ

(२) श्री पुरनाथ [पुरनाथ

(३] श्री ब्रहमणनाथ

[४ श्री प्रसरनाथ

[५] भीमदेव

[६] पूर्णदेव

[७] देवदेव

[८] कुमारदेव

[९] शक्तिभट्ट

[१०] पृथ्वीभट्ट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

११] कुवेरभट्ट कुवेरभट्ट
१२] उदयभट्ट
१३] सुदुभट्ट
१४] राईभट्ट
१५] देवदत्त
१६] वत्सराज

उक्त १६ पुस्तासम्म यो वंश पौडेल भएको छैन ।

(क) गडवालमा पनि - पौडी गाउँ छ ।

ख] कूमाउँमा पनि - पौडी गाउँ छ ।

(ग) डोटीमा पनि - पौडी गाउँ छ ।

(क) जेठी पट्टि सन्तान भएनन् ।

[ख] वत्सराजका [४] पत्नी थिए ।

(ग) वत्सराजकी माहिली धर्म पत्नीबाट कालो वर्णभएका - वंशराज जन्मे ।

वंशराज पौडी भन्ने ठाउँमा गएर वसेका हुनाले यिनका - सन्तानहरु पछि आए र काला पौडेलको नामले प्रसिध्द भए ।

(घ) वत्सराजकी तेश्री (साहिली) क्षेत्रिणी पट्टिबाट जन्मेका सन्तानहरु वगाले थापाका नामले प्रसिव्द छन् ।

(ङ) वत्सराजकी कान्छी धर्म पत्नीबाट सिग्देल जन्मे । यिनी सिग्दीको डाँडोमा गएर वसेका हुनाले यिनका सन्तानहरू - कालान्तरमा सिग्देल भए ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वत्सराजकी क्षेत्रिणी पट्टिबाट जन्मेका वगाले थापाले वि
सं. १२४६ तिर राज्य सञ्चालल गरेका थिए भन्ने
इतिहास प्रकाश अंक १ को पृष्ठ संख्या "११८,, थापावंशा
मा उल्लेख छ।

१७] वंशराज — वंशराजबाट श्रीवत्सराज

१८] श्री वत्सराज

१९] श्री कृष्णम

२०) श्री देव

२१) श्री नन्द

२२] हरिदत्त

२३] हरि राम

२४) कृष्णराम

कृष्णरामका दुइटी धर्म पत्नी थिए।

क] कृष्णरामका जेठी पत्नीबाट चावा जन्मे।

२५) चावा

क] चावाकी जेठी पत्नीबाट जन्मेका सन्तानहरू अर्जिव
डाँडोमा गएर वसेका हुनाले यिनका सन्तानहरु कालान्तर
आएर अर्याल कहलाए।

ख) चावाकी जेठी पत्नीबाट जन्मेका सन्तानहरुको वंश
प्रधानमन्त्री रङ्गनाथर कविशीरोमणि लेखनाथ आदि पर्द
कृष्ण रामकी कान्छी पत्नीबाट सदु जन्मे।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२५] सदु

सदुका पाँच ५ छोर भए।   क्रमशः-

१] कन्थराज २ नन्ददराज ३ शिवराज ४ वत्सराज - ५ सुरूपाल। सदुका छोहरू पाँचै भाइका सन्तानहरूलाई श्वेता पौड्याल भनद छन् यिनीहरूले आँफू लाई सिग्देल भनद छन्।

उक्त पं हरिप्रसादले लेखेको वंशावलिमा चावाकी कन्छी - पत्नीबाट सदु जन्मनछन्। सदुका पाँचभाइ छोरा मध्ये - केवल ननदराजका स्थानमा देवराजको उल्लेखछ।

कास्की जिल्ला पोखरा अरघौं अर्चले लेखनाथ गा. - पं. वाड नं ४ भोजराज पौडेलको घरमा प्रांप्त वंशावलिमा कृष्णरामकी कन्छी धर्म पत्नीबाट सदु जन्मेन छन्। - कृष्णरामको जेठी पत्नी बाट जन्मेका छोरा चावाकी कन्छी धर्म पत्नीवाट सदु जन्मेको उल्लेख छैन्।

त्यो वंशावनि निम्न प्रकार छ।

धारा नगरीबाट उदयभट्ट नेपाल पसे।

उदय भट्टदेखि क्रमश :-

१ उदय भट्ट २ सुदु भट्ट ३ राइ भट्ट ४ देवदत्त
५ वत्सराज ६ श्रीवत्सराज।

श्री वत्स राजका तीन ३ पुत्र। ती तीन मध्ये ब्राहमणी - पट्टिका श्री देवर श्री कृष्ण दुइ २ छोरा थिए। खसिनी - तर्फको एक छोरा कालू थापा थिए।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

क] ब्राहमणी पट्टिका श्रीवत्स राजका छोर श्रीकृष्ण सिग्दीको डाँडोमा गएर वसेका हुनाले तिनका सन्तानहरू कालान्तरमा - सिग्देल कहिलन थालिए ।

ख] श्रीवत्स राजका खसिनी पट्टिका छोरा कालू थापाका - सन्तानहरू पछि आएर वगाले थापाका नामले प्रसिद्ध भए ।

ग] श्रीवत्स राजका जेठा छोरा श्रीदेव पौडीको डाँडोमा गएर- वसेको हुनाले यिनका सन्तानहरू पछि आएर पौड्याल कहलाए

क्रमशः श्रीदेवका सन्तानहरू निम्न प्रकार छन् ।

(७) श्रीदेव (८) श्रीनन्द (९) श्रीराम (१०) हरिदत्त [११] कृष्णराम कृष्णरामका विवाहिता ब्राहमणी पत्नी - दुइ थिए ।

क] कृष्णरामकी जेठी धर्म पत्नीबाट जन्मेका छोराको नाम - चावा थियो । चावाका पनि विवाहिता धर्मपत्नी दुइ थिए । — चावाकी जेठी पत्नीबाट जन्मेका सन्तानहरु अर्जिको डाँडोमा - गएर वसेका हुंदा चावाकी जेठी पत्नीबाट जन्मेका सन्तानहरू - अर्याल भए ।

चावाले कान्छी ब्राहमणी लिएर चुँदा गाउँ छोडी दर्घा - गाउँमा गईवसे चावाकी कान्छी पत्नीबाट जन्मेका सन्तानहरू - प्रशस्त छन् । यिनैका वंशमा प्रधानमन्त्री रङ्गनाथ र - कविशीरोमणि लेखनाथ आदी पर्दछन् ।

कृष्णरामकी कान्छी धर्म पत्नीबाट सदु जन्मे । सदुका पाँच भाइ छोरा भए । तिनको नाम क्रमशः तल लेखिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१) कन्थराज २) नन्दराज ३) शीवराज
४) वत्सराज ५) सुरुपाल ।

यिनै सदुका सन्तानहरू श्वेता पौड्यालहुन् ।
यिनीहरूले आँफूलाई सिग्द्ययाल भन्दछन् ।

अव थापा वंशावलिमा उल्लेख गरेका कुराहरू तल उल्लेख गरिन्छन् ।

१) वत्सराजका तीन पत्नी थिए। दुइटी २) ब्राह्मणी – एउटी क्षेत्रिणी ।

क) जेठी ब्राह्मणी पट्टि जन्मेका वंशराजका सन्तानहरू – कालान्तरमा आए र काला पौड्याल भए ।

ख) माहिली क्षेत्रिणी पट्टि कालु थापा जन्मे ।

ग) कान्छी ब्राह्मणी पट्टिका सन्तानहरु सिग्दीमा गयर वसेका हुनाले सिग्द्याल भए ।

यो कुरा ,,इतिहास प्रकाश" अंक १ पृष्ठ ११८ थापा – वंशावलिमा उल्लेख छ ।

कतै कतै वंशाराज लाई श्री वत्सराज भनेको पनि पाइन्छ । कतै वत्सराजका छोरा वंशराजका [श्रीराजका] छोरा श्रीवत्सराज भएको - पनि पाइन्छ । अतः यो कुरा यसै हो भनेर ठोक्न कठीन छ ।

प्रो. बाल कृष्ण पोखरेल ज्यू को नेपाली भाषा तथा साहित्य पृष्ठ ८६ को अर्याल वंशावलिको प्रकरणमा श्री वत्सराजका पुत्र श्रीकृष्णलाई सिग्देलर कान्छा श्री देवलाई पौड्याल - मानिएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रीदेवको पाँचौ पुस्ताका कृष्णरामका पुत्र चावाकी जेठी पत्नीबाट जन्मेका सन्तानहरु अर्ज्याल भएकोकुरा देखाईएको छ

पुनश्च - पर्वत जिल्लाको पलेवासमा पनि पौड्यालहरुछन्। तिनीहरूले लेखेको पुरानो लेखोट् वंशावलिमा पनि श्री - कृष्णका सन्तानहरू सिग्देल र चावाबाट अर्याल अर्ज्यालकै सन्तान मैदी गाउँमा गएर वसेका हुनाले मैनाली भएका - हुन् भन्ने उल्लेख पाइन्छ ।

यहाँ आत्रेय गोत्रवाला मैनाली लिइन्छ। उपमन्यु गोत्र - वाला मैनाली लिन सकिदैन ।

क] कतै कतै काला सेता । राता पौडेल भएको कुरु पनि - पाइन्छ ।

ख] सेता पौड्यालबाट राता पौडेयाल भएका र पौडलबाट काला पौडेलर केवल पौडेयल मात्र भएको भन्ने कसैले गर्दछन्।

राता र काला भन्ने पौडेलहरू ,,रापती अञ्चल" को रोल्पा जिल्ला र लुम्विनी अञ्चलो गुल्मी जिल्ला तर्फ पाइन्छन् ।

जे होस् अहिले सम्मको अन्वेषणबाट के कुरा भन्न - सकिन्छ भन्नें ?

राता सेता काला पँहेला जे भए पनि ठाउँको आधार र स्वरुपाकृतिको आधारमा विभिन्न प्रकारको भयको बुझिन्छ।

माथि उल्लिखित पौड्यालहरूको अनवेषण गर्दा के वुझिन्छ भने ? कसैले कुल देवताको पुजा गर्दा (कुलायन को पूजा गर्दा "श्वेतव्रराहको,, पूजा गर्दछन् भने कसैले वराहको मात्र ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कसैले पितृहरूको पूजा गर्दछन् भने कसैले पीण्डदिने। चलन चलाएका छन् । कसैले केही पनि गर्दैनन् ।

यसरि कुलायन पूजामा पनि भिन्नता हुन धेरै टाढा - टाढा छरिएर वस्नु र एकको अर्का संग सम्पर्क र सम्बन्ध नहुनुको कारणनै मुख्य मानन सकिन्छ ।

वाग्लुङ्ग जिल्ला धुल्लु छिस्तीबाट पूवतर्फ वसाई सर्दै आएका राम प्रसाद पौड्यालका वंशजहरूले अद्यावधि - कुलदेवताको [कुलायन] पूजा गर्दैनन् ।

कारण के भन्ने कुल परं परामा विशेष नगरी नहुने - कुलाचारका सवै बन्धनहरू हाम्रो वंशजहरूले गर्ने छैनन् भनी सवै गर्न पर्ने कुराहरू छिस्तीको पुतलेनी गरो खानेले नै गर्नु - भनि, राम प्रसाद पौड्यालले।अंश समेत छोडी केवल भागवत - को पुस्तक झोलामा राखि जन्म गाउँ छोडेर हिडेंका हुनाले - राम प्रसादका सन्तानहरूले अद्यावधि कुलायन पूर्जा गर्दैनन् ।

यो कुरा राम प्रसादक वंशजहरुमा कर्ण परंपरा विद्यमान छ न गर्ने जिवीत चलन पनि कायमै छ ।

उक्त प्रकारका विभिनन शङ्का उपशङ्का आदिलाई यही - यथावत थन्क्याएर,,सुप्रसिध्द दैवज्ञ राम प्रसाद पौड्यालका - वंशजहरूको यथा सम्भव गद्य तथा पद्यभासा मा उल्लेख गर्ने - विचार गरेको छु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

म जस्ता अल्पज्ञको अन्वेषणले यहाँ सागर जस्तै यस विशाल वंशको वर्णन गर्नु सानो डुङ्गाले महाँ समुद्र पार गर्नु जस्तै हो। तथापि हंस मध्ये बको यथा भएर पनि मेरो तुच्छमति लाई - सम्भव भए सम्म राम प्रसादका वंशजहरूको वर्णनक्रममा - संलग्न गराउने विचार गरेको छु।

हाम्रो देशमहाँ छ पश्चिमतिरै बाग्लुङ्ग जिल्ला भनि ।
त्यै जिल्ला बिचमा छ गाउँ वंढीया धुल्लू र छिस्ती पनी ॥
हाम्रो पूर्वजको स्थलो हुन गई अद्यापि नामी छ यो ।
मेरो खोज अली कती छ अहिले सम्बन्ध आँपनो भयो ॥

(३)

छोरा धेर हुने कुनै द्विज थिए त्यो अत्रिको वंशमा ।
छोरा मध्यम राम नाम गरने छन् दुर दर्शो त्यहाँ ॥
धेरै मानिस आउने जवभए रोकेर रोकिन्छ र? ।
ज्ञाता ज्योतिष शास्त्रको हुनु हुँदा छोपेर छोपिन्छ र ॥

(४)

दहका लेखको डाँडो गोर्लाक्‌मा गाई भैषी रे ।
गोठ कुर्ने थियो पालो भाइहेरूमहाँ अरे ॥

(५)

थिए राम निकै विद्वान् ज्योतिष र पुराणमा ।
विभाजन हुँदै जाने भए कामहरू त्यहाँ ॥

(६)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निकैन घरको काम गर्न पर्ने हुँदा महाँ ।
भाईहरू माहाँ काम विभाजन भयो त्यहाँ ।।

(७)

ज्ञाता ज्योतिषको राम हुँदा गाउघरै महाँ।
धेरै मानिस आएर धेरि लिन्थे सदा त्यहाँ ।।

(८)

भएनन् घरका काम विभाजन गरे सरी ।
भाइ भाइ महाँ द्वेष बढायो कामले अनि ।।

(९)

अहिले पनि देखिन्छ गाउँ टोल घरै महाँ ।।
घटि बढि हुँदै जाँदा झगडा भाइहरूमा ।।

(१०)

ज्योतिषीहरूको बृत्ति आकाश फलझै हुँदा ।
जहाँ गए पनि खान मिलिजान्छ कुनै कुरा ।।

(११)

भाइमा झगडा धेरै हुंने देखेर रामले ।
छोडे गेहभने राम्रो हुने देखे विचारले ।।

(१२)

म तीर्थ गर्नको लागी जान्छु पूर्वतिरै भनी ।
ढोगी माता पितालाई हिडे राम सबै भनी ।।

(१३)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बाटो पश्चिमको भयो हिडिगए यात्रा थियो पूर्वको ।
गंगास्नान सकेर पूर्वतिरमा यात्राभयो रामको ।
काली पश्चिममा गरे र हिडदा गंगा किनारै महाँ
साझै पर्नगयो र वस्न उनले गर्छन् विचारै त्यहाँ ॥

(१४)

वस्ती, खेत, गयो थिएन घरता भोकै हुने चालभो
बाटो मोदितिरै परेछ हिडदा वाडार पों देखियो ।
ढाक्र मात्र थिए तिनै सग वसे रात्री विताए त्यहाँ
केही सामल मागि खान परिगो आशा छ बाँच्ने महाँ ॥

(१५)

मोदीका तिरको सहे र सिरिठो रात्री विताए पछि ।
प्रातस्कालभयो उठेर उनले गर्थे विचारै अति
काली पश्चिम मोदीपार गरने बाटो विचारे पछी
डुङ्गा पार गरे र मोदीविनिमा पौंचे खुशीले अति ॥

[१५]

पूर्वतफमहाँ मोदी काली पश्चिम तर्फमा ।
दुबैका बीचको ठाउँ भन्छन् मोदीविनि त्यहाँ ॥

[१६]

छाप्रा कर्चिचथिए कुटी वरिपरी वस्थे महात्मा जति
गङ्गा स्नानसकेर वस्नमनले गर्थे विचारै अति ।
त्यै मौका बिचमा ऋषिश्वर कुनै आए अगाडि महाँ
वार्तालापहुँदा कुरा सवभए वस्ने भए साथमा ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

[१७]

राम्रा संगतले विते दिन नीकै आनन्दको साथमा
पूजापाठ महाँ निकै मन दिने देखेर सद् भावना।
धेरै मानिसका गुरु हुन गए गंगा किनारैं महाँ
लागे वेद पुराण भागवतको सारांश भन्नै त्यहाँ॥

[१८]

जो जो मानिस वस्तथे तट महाँ सम्पूर्ण खुशीथिए
सारा मानिसको जितेर ममता प्रख्यात चाडै भए।
धेरै यज्ञ गराई मोदीदिनिमा सम्मान ठुलो लिई
वस्तामा दिन वित्नगो समयको ख्यालै नहुने भई॥

[१९]

त्यै मौका विचमा बुढा नृपपुगे यज्ञादिका धेयले
राजहुन् मुचुकुन्द नामगरने राजा रजौटा दिले
श्रद्धा पूर्वक मान्दथे सुजनले राजार रानी पनि
गुलीठान महाँ थियो नृपतिको दर्वार वस्ने पनि॥

[२०]

आफ्नो लस्करले सुशोभीत थिए राजानलैको सरी
गङ्गाका तटमा पुगेर नृपले सोध्दा भएथे अनि
कोछन् भागवतादि पाठ गरने ज्ञानी सुयज्ञ जन
यस्तो प्रश्न सुनेअ जो जन थिए वोले खुशी भै कन॥

[२१]

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भन्छन् ब्राहमण राम छन् तटमहाँ विप्रादिमा योग्यछन्
सारा ब्राहमणका वरेव्य गुरु भैं सत्पात्र विद्वान छन्
यस्तो उत्तर मिल्नगो नृपतिमा अत्यन्त खुस्भै गए
डाकी राम गए पुगे नजिकमा सम्मानले शो भिए ।।

[२२]

आज्ञा गर्नुं भयो त्यसै वखतमा श्री भूपले राममा
पाठै गर्दिनुं पनि भो हजुरले सप्ताह यज्ञै महाँ ।
भन्ने प्रश्न गरे र मौन रहदा ती जुंली ठाने नृप
आज्ञा पालन गर्छुं लौ नृपतिको भन्ने दिए उत्तर ।।

(२३)

सारा कामभए वरीपरिमहाँ यज्ञादि चौकावने
यज्ञारम्भभयो जुटे सवजना सम्पूर्ण कामै भए ।
गङ्गाका तट देखी उत्तरमहाँ गाउँ छ कुस्माःगनी
केही मानिस वस्तछन् त्यसमहाँ राम्रो छ वस्ती पनी ।।

(२४)

कुस्मा गाउँ महाँ थिए जति जना आएर यज्ञै महाँ
सुन्थे भागवतादि पाठसवले गंगा किनारै महाँ ।
फेरी यज्ञ समाप्तिको दिनमहाँ श्री भूपले राममा
आज्ञा गर्नुं भयो गुरो ! हजुरमा टक्रयांउँ के दक्षिणा ।।

(२५)

त्यस्तो प्रश्न सुनेर रामगुरुले इच्छावताई दिए
घुल्लू छान्न भनेर निश्चय गरी आई वसेका थिए । -

(२४)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

इच्छा वस्न गयो खुशी मन भयो नरेन्द्रको राज्यमा
पाए दान घरा म ब्राह्मण हुँदा कल्याण होला सदा ॥

[२६]

भन्ने प्रश्न सुनेर दान दिनमा राजा खुशी भै गए
इच्छा माफिक दिन्छु लौं गुरू भनी आज्ञा तुरुन्तै दिए।
भूमी दान दिने नरेन्द्रपतिको इच्छा थियो राममा
इच्छा माफिक रामको मत वुझी खुशी भए दानमा ॥

[२७]

इच्छा माफिक दान दिन्छु गुरु जी आज्ञाभयो भूपको
सुन्दा वाक्य छिटै नरेन्द्रपतिको मागनूभयो यो कुरो।
„डहरेको नियालो फेदीको वेत'
कालीमाटी घडेरी मल्याङ्दीको खेत"
त्यस्तो प्रश्न सुनेर रामगुरूको ती भूप खुस्भै गए।
लौं लौं दिन्छु घरा भनेर नृपले सङ्कल्प गर्दा भए॥

[२८]

विर्ता दान घरा मिलेर खुशछन् श्री राम यज्ञै महाँ
बाँकी ब्राह्मण द्रव्यले खुश गरे ती भूपले यज्ञमा।
फेरी यज्ञ समाप्तिको समयमा सारा गरीवै जात
इच्छा माफिक दानले खुश गरो फर्के छिटै भूपति॥

[२९]

साथै जाउँ गुरो भनेर नृपले ल्याए खुशी भै अति
साथै राम थिए नरेन्द्र सगमा बाँकी अगाडी पछि। —

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जुंली ठानमहाँ थियो नृपतिको दर्वार वस्ने पनि
स्याङ्जा पर्वतको दोसाध परने सीमा वनेको छनि ॥

(३०)

जुंली ठान महाँ निकै दिन वसी श्री रामले भन्नु भो
पाएको छ जमीन दान मइले त्यै ठाउँ जानै पर्‍यो ।
यौटा गेह वनाइ रम्य बढिया पर्ला की वस्नै पनि
चारै आश्रममा गनिन्छ बढिया गार्हस्थको जीवनी ॥

(३१)

यस्तो प्रश्न सुनेर रामगुरूको सल्लाह राम्रो गरी
आँफ्ना मानिसलाई डाकिनृपले भन्दा भए यो पनि
आज्ञा पाइ अगाडि कार्किहरूले फाँडेर वस्छन् जहाँ
हाम्रो दान भया गुरु त्यहिं वसुन् त्यो कार्किनेटामहाँ ॥

(३२)

चाँडै कार्किहरू उपस्थितहउन् आए र दर्वारमा
वस्ने ठाउँ दिने कुरा पछि हुनन् शङ्का नगर्नु त्यहाँ ।
यस्ता वात गरे र मन्त्रिहरुमा राजा र रानी वसे
सारा काम भए सुचारु रुपले बाँकी जति जो थिए ॥

[३३]

ठूलो दुःख सहे र कार्किहरुले फाँडे र वस्तै थिए
सोही ठाउँ दिए र दान नृपले नामी वनाई दिए ।
शूरा कार्कि थिए वनं खनिदिए नामै चलाए भनि
भन्छन् मानिसले अफै तक पनि त्यो कार्कि नेटो भनि ॥

[३४]

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आए कार्कीहरू चाँडै राजाको दरबारमा।
कार्कीनेटो सबै दान भएको ज्ञान भो त्यहाँ ॥

(३५)

व्यवस्था कार्कीको गर्न वस्ती वस्न हुने स्थलो ।
दिने निर्णयले राम्रो कार्कीको हुन गो भलो ॥

(३६)

सुँवारा सवले भन्छन् रानीको नामले जहाँ ।
सुनेको सवले होला अति राम्रो छ वस्नमा ॥

[३७]

भन्छन् भूपतिले विचार गरदै रानी सुँवारा महाँ
वस्ती गर्नु सबै मिलेर अहिले पाखों छ राम्रो त्यहाँ ।
आज्ञा पालन गर्द छौं सब भनी आए र कार्की पनि
वस्छन् आज तकै छ गाउँ बढिया रानी सुँवारा भनि ।।

(३८)

नेटामा गई वस्नु राम गुरुले भन्दा सबै काम भो
संमानै सित मात्र वस्न बढिया निर्माण गेह भयो ।
आए राम छिटो त्यसै वखतमा विर्ता थियो जो जहाँ
चारै तर्फ घुमेर हेर्न सकिने राम्रो छ नेटो त्यहाँ ।।

(३९)

आए र राम वस्नु भो विर्ता भित्र महाँ अव ।
ज्योतिष शास्त्र आदिका कुराकानी भए सव ॥

[४०]

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भेट घाट हुने भन्दै आए थे मानिसैहरु
शास्त्रको गहिरो ज्ञान बुझे राम महाँ अरु ॥

(४१)

कुरा कानी हुँदै जाँदा विवाह गर्ने भए
ठूला ब्राह्मणले छोरी दिने निश्चय नै गरे ॥

(४२)

विवाह कर्मका काम गरे सम्पूर्ण रामले
सीता समानकी पत्नी भित्र्याए शास्त्र रीतिले ॥

[४३]

अतिगृहस्थ राम्रो भो रामको त्यस ठाउँमा
सुकीर्ति चलदै आयो पाए सम्मान गाउँमा ॥

(४४)

कार्कीनेटो भयो नामी स्याङ्जा पर्वत बीचमा
ज्योतिष शास्त्रले काम दिएको पो थियो त्यहाँ ॥

[४५]

स्याङ्जा पूर्वमहाँ छ दिक्‌महिमा आँधी छ खोलो जहाँ
ठाडो भेग छ लेख उच्च डहरे प्रख्यात नेपालमा ।
आँधीका जलदेखि पश्चिम तिरै नेटो छ उच्चो धनी
ज्ञादी पश्चिम तीन कोष जतिमा राम्रो छ वस्ती पनि ॥

(४६)

बग्ने पूर्व महाँ पवित्र सबको आँधी छ खोलो भनि
बग्छिन् पश्चिम कलिमा जल लिदै गङ्गा जी काली पनि । –

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ठाडो दक्षिण तर्फमा छ चुचुरो झौरालिको मोठ छ
खौंला उत्तर तर्फमा मा हुन गयो ज्ञादीमहाँ कोट छ ॥

(४७)

पूर्वै तर्फ महाँ सराादि बढिया पाश्चाल्यमा ज्ञादीले
माझै पर्द छ उच्च ठाँउँ सवयो प्रख्यात नेटादिले ।
वस्ती वस्न निकै ठमाद् बुधले माग्दामहाँ ठाउँ यो
राजा श्री मुचुकुन्दले दिनु भयो दानी हुनाले अहो ? ॥

(४८)

विर्ता दान निकै लिएर गुरुले वस्तामहाँ गाउँ ता
हर्षै हर्ष भयो सवै जना जुटे स्वर्गै भयो ठाउँता ।
केही काल वितेर गो समयले पैदाभए पुत्रता
जेठाको रविनाम राखनुभयो देखे र सौन्दर्यता ॥

[४९]

पैदा पुत्रभए रतन समयले कान्छा यिनीनै थिए
राखे नाम रतन भनेर बुधले रत्नादि जस्तै थिए ।
विद्या ज्ञान विवेकता चतुरता देखेर कान्छा महाँ
भन्थे राम समान काम यिनको होला पछाडि यहाँ ॥

(५०)

अव यो वंश वर्णन क्रमलाई केही वेरको लागी स्थगित राखेर - दक्षिणाको रुपमा प्राप्त विर्तावारे उत्पन्न शङ्काहरुलाई चर्चा - गर्ने विचार गरेको छु ।

ऐतिहासिक किंवदन्ति अथवा कर्णपरंपरा यस प्रकार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१) सतौँका राजा मध्ये मिञ्चाका माइला छोरा श्री ब्रह्म प्रथम ज्ञादिको कोटमा राजा भएकाथिए। यिनैका वंशमा कुनै एक मुचुन्द नाम गरेका राजा थिए ! सतौँका राजाहरुको एउटा दरवार जुंलीठानामा पनि थियो । तर यहाँ वस्ने राजालाई - सतौँका राजा नभने र जुंलीठानाका राजा भनिन्थ्यो ।

(२) जूंलीठानादेखि ५ कोष पूर्व नुवाकोटमा अर्थात् स्याङ्जा नुवाकोटमा भक्तिखानका सन्तानहरुले राज्य गर्दथे ।

नुवाकोटे राजाहरुले कार्किनेटा पाखरिवोट आदि एरिया र डहरेको लेखहरुमा समेत् जवर्जस्ति पटक पटक जाँदै अधिकार जमाउँदं सताइ रहेका थिए ।

यस वेलाको इतिहासमा सतौँका राजा भन्दा नुवाकोटका - राजा बलिया देखिन्छन् ।

इतिहासलाई केलाए र हेर्दा यदा कदा गरहूँ भीरकोट पैय्यूँका राजा हरुले समेत डहरेको लेख तर्फबाट केही जमिन - उपभोग गरेको पाइन्छ ।

(३) गरहूँका राजाहरुले सात्र सतौँका राजाहरुलाई केही सहयोगर सल्लाहा दिन्थे भने ? नुवाकोटटे राजाहरूले सतौँलाई सताइ रहन्थे ।

त्यसवेलामा उक्त राजाहरू मध्ये नुवाकोटका राजा बलवान - देखिन्छन् । यस कारण मत्स्यन्याय अनुशरण गरे र नुवाकोटले अरूलाई पनि दुःख दिन्थ्यो ।

(४) आँधी खोलाको शीर फेदीदेखि मल्पाङदी सम्म र डहरे देखि कालो माटी सम्मको करीव ३,४, कोषको एरिया त्यस -
वेलामा लिकै विवादग्रस्त देखिन्छ। अब फेरी ३२ को-
ठै ५ बाट पकन होस् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पनि "सुचि प्रवेशे सूसल प्रवेशः" भन्ने नियमानुसार पुराना लगतहरुमा बाली सेर्माका रसिदहरु नुवाकोटमा पनि पाईन्छन्।

वर्तमान समयमा पनि कार्की नेट डहरे जुंलीठानाकोट पानी ढलोले पर्वत र स्याङ्जा जिल्ला मात्र न छुट्याएर गण्डकी र धौलागिरि अञ्चलको सोमाङ्कन रेखा समेत पूर्णरूपले छुट्याइदिएको छ।

(६) तिथि र मिति वारे उत्पन्न शङ्का तर्फ विचार गर्दा के कुरा अवगत हुन आउँछ भने ? दक्षिणा सहित भूमिदान दिदा कुनै स्वर्णपत्र, लालमोहर, दिने चलन त्यस वेला थिएन भन्ने कुरा चौविसी बाइसी राजाहरूका पुराना लगतहरुबाट पनि अवगत हुन आउँछ।

(७) केवल कुश विर्ता दिदा मात्र प्रमाण पत्र दिने चलन भएको पाईन्छ। आज पनि परंपरागत चलनलाई हेर्दा, कन्यादान अश्वदान, भूमिदान, सुवर्णदान, तुलादान, आदि दान दिदा लिदा तिथि र मिति लेखेर राखने प्रचलन अद्यपी धेरैमा देखिदैन।

उपर्युक्त तथ्यलाई विचारै नगरी केवल शङ्काको तगारो मात्र तेर्स्याउने व्यक्तिहरुले सम्वन्धित ठाउँमा गई अन्वेषण गर्नु अत्यन्त उपयोगी हुने छ।

अब तिथि र मिति बारेको उत्पन्न विवादलाई यथावत् यही नै थवन्याएर उक्त रामवंशेतिहासको वंशानुक्रम वर्णनमा मेरो तुच्छ अन्वेषणलाई उल्लेख गर्ने विचार राखेको छु। जो निम्न प्रकार छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(५) गरहुंका राजाको सहानुभूति पाएका सतौंका राजाले मोदी विनीमा गइ, सप्ताह यज्ञ लगाएर रामप्रसाद पौड्याललाइ दान दिएका हुन् भन्ने तर्क पनि कममहत्व पूर्ण छैन। सतौको राजधानी ज्ञादीको कोट र जुंलोठान को दरबारको सामान्य आगन वरण्डामा पर्नं। उक्त कार्की नेटाको एरिया सतौंको नै थियो भनेर निर्णय गर्न आज पनि सकिन्छ। यहाँ नुवाकोटे राजाहरुले हस्तछेप गर्नु अन्याय नै थियो।

उक्त फेदी डहरे कार्कीनेटा मल्याङ्दी काली भाटो भित्रको ३,४ कोषको एरियामा सतौं, गरहूँ, पैय्यूँ नुवाकोको जिंवाभित्र का जिंवाल र मुखियाहरुको पुराना लगतका कागजपत्रहरु अद्यपी . विद्यमान देखिन्छन्।

माथी उल्लिखित विवाद ग्रस्त क्षेत्र दान दिए पछि आफु लाई निकै सजिलो हुने देखेर सतौंले सप्ताह यज्ञ लगाई दान दिएको कुरा पनि निकै तर्क पूर्ण मान्न सकिन्छ। कारण-ब्राह्मण माथी हस्तक्षेप गर्नु निकै पाप ठानिन्थ्यो र ब्राह्मणहरु सबैका साझा मानिन्थे। यो कुरा केहि मात्रामा भए पनि कतै देखा पर्दछ। तसर्थ यस्तो क्षेत्रले एउटा निर्धारित सीमाङ्कनको काम गर्दथ्यो।

तर वास्तविक जमिन सतौं कै भए पनि मत्स्यन्यायानुसार बलियाले कमजोरलाई दुःख दिने चलन अहिले पनि छँदैछ दान दिए पछि ब्राह्मण माथी सोझै हस्क्षेप गरेको नदेखिएता

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पनि "सूचि प्रवेशे मूशल प्रवेशः" भन्ने नियमानुसार पुराना लगतहरुमा बाली सेर्माका रसिदहरूनुवाकोटका पनि पाइन्छन् ।

वर्तमान समयमा पनि कार्कीनेटो डहरे जुंलीठानाको पानी ढलोले पर्वत र स्याङ्जा जिल्ला मात्र नछुट्याएर-गण्डकी र धौलागिरि अञ्चलको सीमाङ्कन रेखा समेत पूर्णरूपले छुट्याइदिएको छ।

(६) तिथिर मिति वोर उत्पन्न शङ्का तर्फ विचारगर्दा–केकुरा अवगत हुन आउछ भने ? दक्षिणा सहित भूमिदान-दिदा कुनै स्वर्णपत्र, ताम्रपत्र, लालमोहर, दिने चलनतपस वेलाथिएन भन्ने कुरा चौविसी वाइसी राजाहरुकापुराना लगतहरु-बाट पनि अवगत हुन आउँछ।

(७) केवल कुश विर्तादिदा मात्र प्रमाणपत्र दिने चलन-भएको पाइन्छ । आज पनि परपरागत चलनलाईहेर्दा, कन्यादान अश्वदान गजदान, भूमिदान, सुवर्णदान, तुलादान आदि दान दिंदा लिदा तिथि र मति लेखेर राख्ने प्रचलन अद्याऽपि घेरैमा देखिदैन ।

उपर्युक्त तथ्यलाई बिचारै नगरी केवल शङ्काको तगारो मात्र तेर्स्याउने व्यक्तिहरूले सम्बन्धित ठाउँमागई अन्वेषणगर्नु अत्यन्त उपयोगी हुने छ

अव तिथिर मिति बारेको उत्पन्न विवादलाई यथावत्यही नै थन्क्याएर उक्त रामवंशेतिहासको वंशानुक्रमवर्णनमा मेरो तुच्छ अन्वेषणलाई उल्लेखगर्ने विचार राखेको छु। जो निम्न प्रकार छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(

३:
क
अ

ला

दि
ब्रा
सर्व
देख
का

सा

दा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राम लक्ष्मण जस्तै छन् रवि रतन भाइता ।
विद्याअध्ययन सम्पन्न भए पिता समानका ।।
(५१)
गृहस्थाऽश्रमको शिक्षा बुझी बिवाह गर्नमा ।
दुवै राजी भएकाले विवाह हुन गो त्यहाँ ।।
(५२)
पत्नी पुत्र लिई साथ रविभिन्न भइगए ।
पिताका साथमा बस्ने कान्छा रतन पो भए ।।
(५३)
लोक संसार यस्तै छ छोरा छोरी परै हुने ।
बुढेस कालमा वस्ने यौटा सन्तान चाहिने ।।
(५४)
बंशानुक्रम आएका पूर्खाका चलनैहरु ।
शास्त्रानुसार नै गर्नु गर्न पर्ने कुराहरु ।।
(५५)
धुल्लु छिस्ती महाँ चल्ने कुलायन पूजाहरु ।
सबै पूजा उतै गर्छन् पर्दैन गर्नता वरु ।।
(५६)
हाम्रा पित्र सबै तर्छन सप्ताह आदि यज्ञले ।
यो मेरा बंशको हाँगो फैलाउने छ धर्मले ।।
(५७)
यस्तै शिक्षा दिदै राम ईतिहास वताउँथे ।
रविरतनले शिक्षा पाइ पालन गर्दथे ।।
(५८)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मेरा माता पिता बन्धु छन् धूल्लु गाउँमा भनी ।
दुबै छोरा छोरीहरुलाई बताउँदै गए अनो ॥

(५९)

मेरो अंश सवै छोडी आएको हुँ यहाँ मता ।
पाएको दक्षिणा दान छ यो विर्ता विशालता ॥

(६०)

डहरे फेदीको वेत मल्थाङदी कालीमाटीले ।
घेरिएको छ यो विर्ता पाखरीवोट आदिले ॥

(६१)

हेर चाह सदै गर्नु भनी अर्ति दिदै गए ।
निकै काल पछि राम अमरावतीमा गए ॥

(६२)

रविका वंशको हागो पिर्थे जिम्वाल आदि छन् ।
परियाँ गाउँ आदिमा बसेका भाइ हेरू हुन् ॥

(६३)

रविका वंशको हाँगो छोडेर अहिले यहाँ ।
कान्छा रतनको वंश होला वर्णन लेखमा ॥

[६४]

जवानी काल सित्तै गो छोरी धेरै भए पनि ।
पैदा पुत्र भए धौलु हाम्रा रतनमा पनि ॥

[६५]

विद्या बुद्धि विवेकमा र तनमा अत्यन्त राम्रा भए
धौंलु नामक पुत्रका सुगुणले सम्पूर्ण खुशी थिए ।
यौटा चन्द्र समानका तयनले सम्पूर्ण ढाकी लिदा
सारै खुश भएर ती रतनले सौंपै भएका कुरा ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(६६)

धौलुका पनि पुत्र जन्मन गए राम् खोर जेठा थिए।
कान्छा चन्द्र समान उज्ज्वल हुंदा कल्याण भन्दै गए ।।
पैदा पुत्र दुबै गराइ यिनले यो वंश बृद्धि गरे।
ठुलो वंश बिशाल हुन्छ सुतको छोडेर धालु गए ।।

(६७)

जेठा राम्खोरका सात भए छोराहरु त्यहाँ।
यिनैका वंशको हाँगो छुट्याउनेछ कामना ।।

(६८)

यहाँ छोरा सातै (७) अब हुन गए राकखरका।
जहाँ जे जे भन्छन् क्रमशः सवमा गाउँ घरका।
कुनं देलानं गाली नबुझि कन लेखेछ भनी यो।
सुनेको लेखें हो भनी बुझि दिएमा पनि भयो ।।

(६९)

राँखोरका सुत सात जो हुन गए धेरै हुंदामा यहाँ
ऽान्न नाउँ र गाउँ जो जति हुनन् स्याङ्जा र पर्वत महाँ।
छेरुवा मरुवा ती गाउँ घरका आँठे र घोप्टेहरु
भन्छन् लोक महाँ प्रसिद्ध सवमा त्यै लेख्छु मैले बरू ।।

(७०)

राँखोरका सुत ज्येष्ठको कुलमहाँ जन्मे जती जो जहाँ
झार्खोला तिर पट्टि छोडी अहिले जान्छु अगाडी महाँ।
राँखोला सुत मध्यको कुलमहाँ ऐले जती जो हुन्न
बन्जारा भनी नामले सबजना प्रख्यात आफै हुंन्न ।।

(७१)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तेश्रापुत्र प्रसिद्ध रामखरको सानो छ वंश पनि
आँठेहरू भनेर गाउँघरका भन्छन् अहिले पनि ।
चौथा पुत्र त काञ्जिला जुन भए थोरै हुंदा सन्तति
छेरूवा तिर पट्टिमा रही गए खोज्लान उनैले पछि ।।

(७२)

हाम्रो भीर कटेरि बारितिरमा पारी उखारि महाँ ।
राँखोको सुतराञ्जिला तरफका सन्तान वस्छन् त्यहाँ ।
छैटौं पुत्र प्रसिद्ध रामखरका धेरै मरे सन्तति
भन्छन् आज तकै सबै जन मिति हेर्नोस् मरूवा थरी ।।

(७३)

घोप्टो मूखललाई रामखरका कान्छा त पुत्रै वसे
सोही वंशजलाइ आज सवले घोप्टे बनाई दिए ।।
जस्तो भन्छ समाजले सव महाँ उस्तै हुंदा लेख यो ।
गाली दिन्छ भने कुनै सुजनले लेखेर गल्ती भयो ।।

(७४)

यसैको गद्यभाषामा सारांस सम्मका कुरा ।
छोटो व्याख्या गरी जाने गरायो अल्पकामना ।।

(७५)

(१) भीर स्वारका पौड्यालहरू र झारखोला गाउँमा बस्ने पौड्यालहरु राँखोरका जेठा छोराका सन्तानहरु हुन् । जेठाको के नाम थियो, यिनीहरूले नै जान्लान् ।

(२) राँखोरका माईला छोराका सन्तानहरू बञ्जारा नामले प्रसिद्ध छन् । यिनीहरु कार्कीनेटामा आरूचौरमा र पाखरि वोटको गुहेंलेमा बस्तछन् । राँखोरका माईला छोराको के नाम थियो यिनीहरु नै जान्लान् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(३) राँखोरका साइला छोराका वंशजहरू आँठे नामले प्रसिद्ध छन् । यिनीहरुमा चुडेरा गाउँमा बस्ने र पारवरि-वोटको खोला पट्टि बस्ने पौड्यालहरु पर्दछन् ।

(४) राँखोरका काइला छोराका वंशजहरु छेरुवा नामले प्रसिद्ध छन् । यिनीहरु कार्कीनेटाभार उखुबारिको लौषी वोट आदि गाउँमा बस्त छन् ।

(५) राँखोरका राइला छोराका सन्तानहरु पाखरीवोटको भीरकटेरिमा र उखुबारिमा बसेका छन् ।

(६) राँखोरका ठुला कान्छा छोराका वंशजहरुलाइ भरुवा भनेर भन्दछन् । भरूवाहरु कार्कीनेटाभार झारखोलाको पुछार थुमसाँ बस्तछन् ।

(७) रामखोरका कान्छा छोराका सन्तानहरु घोप्टे नामले प्रसिद्ध छन् । यिनीहरूले बसोबास गरेको गाउँकार्कीनेटा-मा घोप्टेथरको नामले प्रसिद्ध छ । माथि उल्लिखित राँखो-रका सात (७) भाइ छोराको नाम सम्बन्धित वंशजहरुले नै जानेका हुनन् । प्रामाणिक रूपले निश्च हुन नसकेको हुंदा यहाँ नाम किटान गरिएन ।

यदि उपर्युक्त क्रम कतै विपरीत हुंन गएको भएआ आँफ्नो वंशानुक्रम सच्चाई सुझाव समेतको जानकारी दिनुहुन संब-न्धित वंशजहरू संग अनुरोध गर्दछु ।

राम प्रशादका पनाति राँखोरका सात(७)छोराको वर्ण-न क्रमलाई यही नै थन्क्याएर धौलु प्रशादका कान्छा छोरा कल्याण प्रशाद पौड्यालको वंशपद्धति पट्टि उल्लेख गर्ने विचार राखेको छु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कनिष्ट धौलुका छोरा कल्याण वंशको यहाँ ।
गरि उल्लेख जानेमा समेदिदै छ भावना ।।

(७६)

रघुनाम हुने छोरा भए कल्याणका पनि ।
यिनैका नामले होला रघुवंश भयो अनि ।।

(७७)

निकै धर्न गरी पाए रघुले पुत्रदर्शन ।
नाम रतन राखेथे रत्नै सरी हुंदाकन ।।

(७८)

यही वंशमहाँ पूर्खा थिए रतन नामका ।
यी भन्छन् नामले मात्र मेरो हुन्न कुन्नै कुरा ।।

(७९)

म रत्न सरीको काम गरो नाम चलाउँला ।
गरे र नामको काम निकै ख्याति बनाउँला ।।

(८०)

यिनैका नामले होला यो वंश रत्न वंश भो ।
निकै काम गरी छाडे पछाडी यिनले अहो ? ।।

(८१)

देखे चन्द्र प्रकाश यो भुवनमा सौन्दर्य सारा दिने
ख्याति प्राप्त हुनेछ उद्यम गरे भन्ने विचारै लिने ।
राम्रा काम गरेर गाउँ घरमा ठुला र साना संगै
ठुलो भित्र वने सवै जन झुके राखे सुकीर्ति निकै ।।

(८२)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मैले गर्छु निकै परिश्रम भनी छोडेर नेटो त्यहाँ
लागे पूर्व महाँ छ गाउँ बढिया डाँडो पुवाको जहाँ ।
पाखिबोटमहाँ प्रसिद्ध सबको डाँडो पुवाको थियो
वस्ती गर्छु भनेर ती रतनले आए त्यसैमा अहो ? ॥

(८३)

पाखीवोट पुवा बनाइ निजले वस्ती वसाए पछि
आफै गेह बनाइ वस्न उनले थाले पुवामा डटी
ठुलो आर्जन भो कमाइ धन भो आनन्दको साथ भो
वस्तामा दिन बित्न गो समयको ख्याल न हुने भयो ॥

(८४)

धेरै वर्ष पछाडी पुण्य फलले पत्नी थियिन् गर्भिणी
सातै मास बितेर आठ महिना लागी रहेको छ नि ।
लाग्यो रोग निकै प्रचण्ड बलियो पाइन्न रे औषधी
आयो काल डटेर लान कसियो टारेर टर्दैन नि ॥

(८५)

आयो काल कराल रूप बलियो ठुलो अजङ्को कुनै
देहै भित्र पसेर लान कसियो हेरे रचारै तिरै ।
देखे काल कुरुपको रतनले आँफ्नो अगाडी महाँ
हा हा राम भनेर पल्टन गए लागेन केही त्यहाँ ॥

(८६)

मुर्छा पर्न गए र जीब गइगो देखिन्न केही पनि
के भो के भनि पत्नी आइ अजिकै रून्थिन् विलौना गरी ।
सारा अङ्ग चिसो भयो रतनको खुट्टा हिमै झैं भए
काँही प्राण थिएन अङ्ग विचमा छोडेर अन्त्यै गए ॥

(८७)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यँ मौका बिच गाउँले सबजना आएर हेर्दा महाँ
देखे त्यो हविगत् अनाथ गृहिणी रून्थिन् समीपैं महाँ।
भाग्यैका इतिहासका सबकुरा देखाइ भन्दा पनि
साथै जान्छु म ता भनेर तिनले मान्दैन मान्दा पनि ।।

(८८)

छोरो गर्भ महाँ छ जान अहिले हुंदैन भन्थे सबै
त्यस्तो वाक्य सुनेर दुःखित भई गर्थिन् विलौना निकै
त्यँ रात्री बिच प्रार्थना गरि निकै रून्थिन् जगन्नाथको
पुत्रै रूप भएर जन्मन गए साच्चै जगन्नाथ पो ।।

(८९)

कुन्तीले कर्ण पयाँके झैं सुर्यको प्रार्थना गरी।
सतीले पुत्र जन्माई गर्दथिन् प्रार्थना हरि ।।

(९०)

बटको फेदमा पुत्र मार्गको विचमा लगी।
राखे र पुत्रको जिन्मा लगाईन् भगवान् हरि ।

(९१)

गुप्त रूप भइ रक्षा गर्दथे हरिले उता।
सबको शव साथैमा जान लागिन् सती यता ।

(९२)

अनि त पूर्वदिशा सव लालभो, सव मिलेर निकै शव बाँधियो ।
चलन पूर्वकले सव काम भो गरि सकेर हिडे शव बोकियो ।।

(९३)

अनि सरर्र गरेर सरासरि सव हिडे घरमा शव गामिनी ।
तन चुसाइ निकै बटको मुनी, शरण ईश्वरलाई पुकारदी ।।

(९४)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यजि कनै निज बालक एकलै शरण इश्वरको भनी बोल्दै ।
वर परै गरदा शवको संगै जालि गइन् पतिका संग साथ मै ॥

[९५]

मोदी बिनी जहाँ भन्छन् कृष्णा गण्डकीको तीर ॥
जलेर पतिका साथै गइन् सती सरा सर ॥

[९६]

यस्तो चाल भयो त्यता तिरभने जादा सती साथमा ।
सानो बालक रून्छ मार्ग बिचमा देखिन्न कोही त्यहाँ ।
त्यै मौका बिच मार्ग मात्र हिडदा देखे कुनै भाटले ।
भाग्यै चानस मिल्न गो किन नलि भन्दै टिपे हातले ।

(९७)

शङ्काको स्थल छैन यो विषयमा भन्छन् यसै गाउँले ।
साँचो सत्यकुरा प्रमाण यहि हो पुर्खा यिनै मानले
धेरै सन्तति नामि दामि पनि छन् विज्ञान वेत्ता निकै
साराको इतिहास खोज यहि नै देखिन्छ ऐले तकै ॥

(९८)

आँधीको र सरादिको बिच महाँ दोभान् सरादी थियो
मागी दुध पिलाई मार्ग विचमा जाँदा अचम्बै थियो ।
आँधी वारि र पारिको स्थल महाँ सम्पूर्ण स्याङ्जा महाँ
वोले पुस्तुभने हुकुम चलिगो वोल्दैन कोही त्यहाँ ॥

(९९)

सानो बालक बोकि मार्ग बिचमा हास्तै हिडे भाटता
पुस्तुनाम थियो ती भाट पतिले रक्षा गरे नाथ ता ।
भाङ्खोला बिचमाछ गाउँ बढिया स्याङ्जा छ धेरै पर
त्यै खोला विचमा छ भाटहरूको पुस्तादि वस्ने घर ॥

(१००)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्याङ्जा जिल्ला अन्तरगत आरुखर्क मध्ये भाङ्खोला भन्ने ठाउँ छ। भाङ्खोलो सेती खोलाको शीर पट्टिबाट आउँछ। यही भाङ्खोलामा भाङ्हरुको वस्ती छ। पुस्तुनामक भाट यहीका हुन् यिनका केही सन्तानहरु अद्यापि यसै ठाउँमा वस्तछन्।

गर्ने पालन पोषणादि जति हो गर्दै गए भाटले
श्री कृष्णै सरिको चरित्र गृहमा गर्दा महाँ नाथले।
राखे नाम उही सवैजन मिली बोलाउँदा नाथको
सोहि नाम भयो विचार गरदा साच्चै जगन्नाथ पो।

(१०१)

शुल्कै पक्ष समान तीव्र गतिले बढ्थे जगन्नाथ ता
हर्षै हर्ष भयो त्यो ठाउँ विचमा गर्दै गए काम ता।
जे जे हुंन् समयानुकुल गरने छन् कर्महेंरू जति
सारा कर्म गराइ भाट पतिले थर्पै लिएथे अति॥

(१०२)

वर्तालाप हुंदा बुझे सव कुरा हाम्रा जगन्नाथले
आँफ्नो जो जति हो चरित्र अघिको जाने सवै वातले॥
लागे भन्न विचार पूर्वक सवैं आँफना भएका कुरा
इच्छा जान भयो मलाइ अहिले त्यो जन्म ठाउँ पुवा

(१०३)

यस्तो प्रश्न सुनेर भाट पतिले भन्दा भए यो कुरो
साथै जान्छु म ता लिए र सगमा तिम्रो पुरानो स्थलो।
धेरै वात गरे र भाटसगमा आए पुवा पाखीवोट
त्यै मौका विचमा सवै जन जुटे खाए निकै गालीचोट्॥

(१०४)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पाए जो जति हो अगाडी निजका माता पिताको स्थलो
वस्ने गेह भयो निकै जमिन भो छोरी दिने भो कुरो ।
धेरै प्रश्न भए निकै जन जुटे गर्नें विवाह भए
मौका वेश थियो कुलीन बुधको छोरी विवाह गरे ॥

(१०५)

ठुलो उत्सवभो विवाह विधिले गर्दा जगन्नाथको
पुर्खा भाइहरू अवस्म सगले हेर्छन् तमास अहो ? ।
जम्मै काम सकेर भाटपति ता जाँदा भए गेहमा
थाले वस्न वनाइ रम्य भवनै अर्धाङ्गिणी साथमा ॥

(१०६)

थाले काम गरे र जान बढिया हाम्रा जगन्नाथले
धेरै यज्ञ र दान पुण्य गरदैं जाँदा भए ज्ञानले ।
जो आनन्द थियो पुराणहरुमा लक्ष्मी संगै विष्णुको
त्यै आनन्द लिएर पत्नी संगमा वस्छन् जगन्नाथ पो ।

(१०७)

जसरी पाण्डवको कुल थामियो त्यसरी नै अब यो
कुल थामियो ।
जगतका पतिले कुरू राजको जनम ; दान दिए सार
पो थियो ॥

(१०८)

पाखीवोट हुंदे कुनै बुध पुगे श्री कृष्ण भन्ने वहाँ
वार्तालाप हुदा प्रलोकन गरे हो जन्म पत्र त्यहाँ ।
लागे भन्न वहाँ ती विप्र वरले यस्ता कुनै कुण्डली
देखेको अझ लाइ छैन मइले राम्रो छ धेरै पनि ॥

(१०९)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस्ता प्रश्न गरेर कुण्डली महाँ हेरेर धेरै कुरा
आफ्नो मार्ग लिएर ती चलि गए बोले निकै नै कुरा।
राम्रा धेर कुरा भए बुध गए हाम्रा जगन्नाथका
छोरा तीन(३)भए सबै खुस थिए देखे र सारा कुरा।

(११०)

कुल पति भए जेठा जगन्नाथ जीका सुत।
विरपति थियो नाम माइला सुतको बुझ।।

(१११)

सिरपति भए कान्छा जगन्नाथ जीका सुत ।
छोरीको नाम लेखिन्न छोरोको मात्र नाम छ।।

(११२)

छोरा मध्यम रिपति जउन हुन् हाम्रा जगन्नाथका।
तिन्कै वंशमहाँ जनं लिनगए सिर्नाघरे हेरु ता ।
कान्छा सिर्पति नामका जुन थिए तिन्कै भइ वंशमा
विर्से हुन् चिन पानीमा अघिगए कालु र चुत्रे त्यहाँ

(११३)

यो वंश विचमा नामी कुलपति भए भनी ।
प्रशंसा यिनको गर्छन् तो गाउँ घरका पनि ।।

(११४)

कुलपति थिए ज्यादा प्रख्यात सव भाइमा ।
एक मात्र भए छोरा कुलीन कुल वंशमा ।।

(११५)

यिनका पुत्रको नाम वंश प्रख्यात भो त्यहाँ ।
वंशे वंशज ज्यादा छन् मान्छन् भाइहरू महाँ ।।

[११६]

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जगन्नाथजीको वंश वंशले नामी देखियो ।
एक चन्द्र भए छोरा कुलपतिजीका अहो ॥
[११७]
वंशेका पुत्र छन् पाँच प्रख्यात त्यस ठाउँमा ।
यिनैको नाम लेखेर जानेछु मइले यहाँ ॥
[११८]
गद्य भाषा महाँ लेख लेखनेमा गयो मन ।
लेखनी पनी चम्कन्छ विजुली सरी झैं कन ॥
[११९]
असभ्य गाउँले नान सभ्यता तिर ढालदै ।
मूल रूप उही राखि गद्यमा लम्कदै छु है ॥
[१२०]

(१) वंशराज पौड्यालका पाँच छोराको नाम क्रमशः तल लेखिन्छ ।
- (क) जेठाको नाम श्री हर्क शर्मा थियो ।
- (ख) माइलाको नाम वैंदुप्रशाद शर्मा थियो ।
- (ग) साइलाको नाम वालुराम शर्मा थियो ।
- (घ) काइलाको नाम रामकृष्ण शर्मा थियो ।
- (ङ) कान्छाको नाम नन्नराम शर्मा थियो ।

(२) वंशराजका छोरा जेठा श्री हर्क शर्माका(५)पाँच छोरा भए ।
- (क) श्री हर्कका जेठा छोराको नाम लाटुराम थियो ।
- (ख) श्री हर्कका माइला छोराको नाम वीरमणि थियो ।
- (ग) श्री हर्कका साहिला छोराको नाम माधवराज थियो ।
- (घ) श्री हर्कका काइला छोराको नाम हरिशरण थियो ।
- (ङ) श्री हर्कका कान्छा छोराको नाम वलराम थियो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

[३] [क] श्री हर्कका जेठा छोरा लाटुरामका सन्तानहरु काफल्टारि मा गएर वस्तछन् ।

[ख] श्री हर्कका माइला छोरा वीरमणिका सन्तानहरू पाखिृवोटको पुवाको डाँडो आरपाटामा वस्तछन् ।

ग] श्री हर्कका साइला छोरा माधवराजका सन्तानहरू केहि कीचनासर रिङ्सिङ् तिर गएर वसेका छन् भने केहि पाखिृवोटमा चंडिले नामले प्रसिद्ध छन् ।

घ, श्री हर्कका काइला छोरा हरिशरणका सन्तानहरु रामेंस्वाँरातिर गएर वसेका छन् ।

ङ, श्री हर्कका कान्छा छोरा बलरामका सन्तानहरु पाखिृवोटमा पतेहरे नामले प्रसिद्ध छन् ।

४, वंशराजका माइला छोरा वैंदुप्रशादका तीन३, छोरा थिए ।

क, वैंदुप्रशादका जेठा छोराको नाम पृथुराज थियो ।

ख, क्रमसः- माइलाको लक्ष्यमण राज र कान्छाको अगनप्रशाद थियो ।

५, वैंदुप्रशादका जेठा छोरा पृथुराजका क्रमशः चन्द्रप्रशाद र मन्थराज दुइ २, छोरा जन्मे ।

क, पृथुराजका जेठा छोरा चन्द्रप्रशादबाट छबिलाल जन्मे छविलालबाट कबिराज, कविराजबाट डण्डपाणि जन्मे ।

ख, पृथुराजका कान्छा छोरा मन्थराजका देवत्त र सेवोरे दुइ २, छोरा भए ।

ग, देवत्तका वंशजहरू पाखिृवोटमा वतासेकाहरू भए ।

घ, सोवोरेका सन्तानमा पुवाका भैरे र बँधेहरू पर्दछन् ।

२. वंशराजका माइला छोरा वैंदु प्रशादका तीन छोरामध्ये-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

माइला लक्ष्मी प्रशाद र कान्छा अगन प्रशादका वंशजहरु वर्तमान समयको पर्वत जिल्ला अन्तरगत फलेवास भन्दा माथिको डाँडो चिति पानी भन्ने ठाउँमा गए र वसोवास गरी वसेका छन्। लक्ष्मी प्रशाद र अगन प्रशादका सबै सन्तानहरू यसै भेगमा अध्यावधि छन्।

(२) वंशराजका साइला छोरा वालुरामका छ वोटा (६) छोरा जन्मे। तिनको नाम क्रमशः तल लेखिन्छ।

क, नागराज ख, भक्तराज ग, शक्ति प्रशाद घ, मुक्तराज ङ, राधाकृष्ण च, छविलाल।

क. वंशराजका साइला छोरा बालुरामका जेठा छोरा नागराजका सन्तानमा डाडा पारिकाहरू पर्दछन्।

ख. वालुरामका माइला छोरा भक्तराज, ज्ञादीको सिल्मी तर्फ वसाइ गएकाले यिनका सन्तानहरू भए उतै होलान्।

ग. बालुरामका साइला छोरा शक्ति प्रशादका सन्तानहरु दाह्रा चहमचचमा वस्तछनं।

घ. बालुरामका काइला छोरा मुक्तराजका सन्तानमा केवल पिर्थे थिए। यिनको छोराहरु मधेशतिर लागे जस्तो छन्।

ङ. बालुरामका राइला छोरा राधाकृष्णका सन्तानहरु पाखिवोटको हमाली डाँडामा वस्तछन्।

च. बालुरामका कान्छा छोरा छविलालका सन्तान छैनन्।

(४) वंशराजका काइला छोरा रामकृष्णका तीन छोरा जन्मे। क्रमशः तिनका नाम निम्न छन्।

(क) चतुर्भुज (ख) मन्थराज (ग) भैरराज।

(जेठा चतुर्भुजका सन्तान छैनन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१) रामकृष्णका माइला छोरा मन्थराजका सन्तानहरु पाखरीवोटको काहुरेमा वस्तछन् ।
२) रामकृष्णका कान्छा छोरा भैसराजका सन्तानहरु पाखरीवोट कुसुन्नेमा वस्तछन् ।

५] वंशे अथवा वंशराजका कान्छा छोरा नन्नरामका सन्तानहरु तल लेखिन्छन् ।
क) नन्नरामका विवाहिता धर्मपत्नी दुइटी थिए ।
ख) जेठी पट्टि चार ४. कान्छी पट्टि चार ४. दुबैं पट्टि गरेर आठ ८) छोरा जन्मे ।
ख) सर्व प्रथम नन्नरामकी कान्छी श्री मतीबाट जन्मेका चार छोराको नाम निम्न प्रकारा छ ।
१. द्यौनाठे २. भुना शर्मा ३. होतन प्रशाद ४. रामदत्त-शर्मा ।
क) नन्नरामकी कान्छी श्री मतीबाट जन्मेंका जेठा छोरा द्यौनाठेका सन्तानमा बुढा घरे र डाँडाघरेहरु पर्दछन् ।
ख) नन्नरामकी कान्छी श्री मतीबाट जन्मेका माइला छोरा भुना शर्माको सन्तानमा साल्घारिका मङ्गुहेरु पर्दछन् ।
ग) नन्नरामकी कान्छी श्री मतीबाट जन्मेका साइला छोरा होतन प्रशादका सन्तानमा साल्घारिका चोकेहरु पर्दछन् ।
घ) नन्नरामकी कान्छी श्री मतीबाट जन्मेका कान्छा छोरा रामदत्त शर्माका सन्तानहरु कुँढापानीतिर गएर जैषीमा परिणत भएका छन् ।

६) अव नन्नरामकी जेठी श्री मतीबाट जन्मेका चार ४) छोराको नाम निम्न प्रकार छ । क्रमशः-
१. रतन शर्मा २. विष्णु प्रशाद ३. केसीराज ४. रविलाल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

क) नन्नरामकी जेठी श्री मतीबाट जन्मेका माइला छोरा विषुप्रशादका चार ४) छोरा जन्मे। तिनको नाम क्रमशः तल लेखिन्छ।

१) जेठा वसन्त शर्मा २) माइला कलिमान शर्मा ३) साइला सउन्त शर्मा ४) कान्छा सुन्दरराज।

क. वस तका सन्तानहरुमा कुँढापानीका पण्डितहरू पर्दछन्।

ख) कलिमानका सन्तानहरुमा चुवाका मरसीयेहरु पर्दछन्।

ग) सउन्तका सन्तानहरुमा तल्लो ज्ञादी चौरका साहुहरु पर्दछन्।

कुँढापानी र शिरसुवाका केही पौड्यालहरू यसै भित्र पर्दछन्।

घ) कान्छा सुन्दरराजका वंशजहरू कुँढा पानीका गैराघरे हुन्।

७) नन्नरामकी जेठी श्री मतीबाट जन्मेका साइला छोरा केसौराजका दुइ २.छोरा जन्मे, तिनको नाम तल लेखिन्छ।

क. जेठा चन्द्र प्रशाद शर्मा घ. कान्छा इन्द्र प्रशाद शर्मा। (केसौराजका कान्छा छोरा इन्द्र प्रशादका सन्तान रहेनन्।

ख. केसौराजका जेठा छोरा चन्द्र प्रशादका तीन [३]छोरा जन्मे, तिनको नाम क्रमशः तल लेखिन्छ।

१. जेठा कपिल राज २. माइला श्री प्रशाद ३. कान्छा तुलसीराम।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

क) चन्द्र प्रशादका जेठा छोरा कपिलराजको वंशमा गैरा-घरे र थर्पुका पर्दछन् ।

ख) चन्द्र प्रशादका माइला छोरा श्री प्रशादको सन्तानमा रातमाटेहरू पर्दछन् ।

ग) चन्द्र प्रशादका कान्छा छोरा तुलसीरामको सन्तानमा पनि रातमाटेहरु नै पर्दछन् ।

८) नन्नरामकी जेठी श्री मतीबाट जन्मेका कान्छा छोरा रविलालका दुइ २.छोरा जन्मे । क्रमशः तिनको नाम तल लेखिन्छन् ।

१. जेठा वीरसे २. कान्छा विजन्ने ।

क) रविलालका जेठा छोरा विरसेका सन्तानहरुरु देउपुरतिर वसाई सरेकाखे उतैतिर छन् ।

ख) रविलालका कान्छा छोरा विजन्नेका सन्तानहरु चितिपानी झक्लकतिर वसाई सरेका हुंदा यिनका सन्तानहरु सबै उतैतिर छन् ।

९) नन्नरामकी जेठी श्री मतीबाट जन्मेका जेठा छोरा रतन शर्माका चार ४छोरा भए । क्रमशः तिनको नाम तल लेखिन्छन् ।

१. जेठा श्री राम २. माइला हरि शर्माका ३. साइला देउसु ४. कान्छा सेउसु ।

क) रतनका जेठा छोरा श्री रामका वंशजहरु लामपाटेहरू हुन् ।

ख) रतनका माइला छोरा हरिशर्माका सन्तान भित्र पुवाका कुलेहरू पर्दछन् ।

ग) रतनका कान्छ छोरा सेउसुका सन्तान भएनन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ख] रत्नका साइला छोरा देउसुका पाँच ५ छोरा जन्मे।
तिनको नाम क्रमशः तल लेखिन्छ।
१. जेठा विषु २. माइला मोतीलाल ३. साइला भक्तू
४. काहिला गङ्गाधर ५. कान्छा बासु।

१०] देउसेका जेठा छोरा विषुका तीन छोरा जन्में। ती मध्ये जेठाको सन्तान रहेन।
विषुका माइला छोराको नाम गजाधर थियो।
गजाधरका टाटेवारिका भए।
विषुका कान्छा छोराको नाम कण्ठु थियो। कण्ठुका कृष्णकान्तहरू भए।

११) देउसुका साइला छोरा भक्तूका सन्तान छैनन्।

१२) देउसुका काइला छोरा गङ्गाधरका ४(चार) छोरा भए। क्रमशः तिनको नाम निम्न प्रकार छ।
क) जेठा दत्तु ख) माइला बसन्त ग) साइला विरू।
घ) कान्छा ऋषिराम। कान्छाका सन्तान छैनन्।
१. गंगाधरका जेठा छोरा दत्तुका ठाँटीकाहरू भए।
२) गंगाधरका माइला छोरा वसन्तका हरिप्रशादहरू भए।
३) गंगाधरका साइला छोरा विरूका श्रीदत्तहरू भए।
छोरा नारायण प्रशाद छोरा प्रविण मणी -

१३) देउसेका कान्छा छोरा बासुका चार छोरा जन्मे। ती मध्ये जेठा र कान्छाको सन्तान रहेन।
क. बासुका माइला छोरा खडानन्द भए। खडानन्दका इन्द्रप्रशादहरू।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ख) बामुका साइला छोराको नाम चन्द्र प्रशाद थियो ।
चन्द्रप्रशादका ढुङ्गे घरेहरु ।

१४ देउसुका माइला छोरा मोतीलाल भए ।

क. मोतीलालका तीन (३) छोरा जन्मे । तिनको नाम क्रमशः तल लेखिन्छ ।

१. नारन्दत २. पशुपति ३. डिल्लीराम ।

क. मोतीलालका माइला छोरा पशुपतिको र कान्छा छोरा डिल्लीरामको सन्तान छैन ।

ख. मोतीलालका जेठा छोरा नारनदत्तका तीन (३) छोरा जन्मे । ती मध्ये जेठाको सन्तान छैन ।

ग. नारनदत्तका माइला छोराको नाम मधुसुधन थियो । मधुसुधनका नरहहि भए ।

घ. नारनदत्तका कान्छा छोराको नाम भुवानिशङ्कर थियो । भुवानीशङ्करका मोहदत्तहरू भए । मोहदत्तका काशीरामहरु ।

श्रीरामको वंश विचित्र यहाँ
लेखेर यो लेख अपूवं महाँ ।
जाने बुझे सम्म विचित्र वात
देखाउदामा सुभलो हुनेछ ॥
(१२१)

यो रामको वंश विशेष खोजी
घुमी फिरी वात सवै वीचारी ।
यो वंशको टिप्पणि लेख के भो
क्षमादिनोस् खोज यहाँ तकै भो ॥
(१२२)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१. आफै विचारी इतिहास खोजी, लेखेर यो वंश यहाँ चिनारी ।
छिस्तो अगाडी पुगि खोज्नलाई छोटो छिटो मार्ग दियाँ बनाइ ॥

(१२३)

यो वंशका आदि पुरुषरामका लेख्याँ यहाँ सन्तति गाउँ गाउँका ।
दिग्दर्शनै मात्र भए पनि यहाँ देखाइ बाटो सब वंश वंशमा ॥

[१२४]

यहाँ जो जो लेख्याँ जति जति थियो ज्ञान सबको
त्यहाँ ती ती हाँगा क्रमशः हुन गै भिन्न भइ यो ।
जहाँ जो जो छुट्लान् अवगत गरि जोड्नु सबले
भनी माफी मागी विरम गरदै जान्छु अहिले ॥

[१२५]

छन्दो भङ्ग भएका छन् निकै शब्दहरू पनि ।
साहित्यको नभै ढाँचा इतिहास भयो भनि ॥

[१२६]

यो आफ्नो वंशको लेख यहाँ सम्म पुगो कन ।
समाप्त गरने काम इच्छा पूर्बक भो मन ॥

[१२७]

लेखकः- काशीराम शर्मा शास्त्री
स्नातकोत्तर डिग्री "नेपाली विएड" राजनीति अनर्स"
विक्रम सम्बत २०३९।११।१२। मा [सन १९८३ ई०]

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

"वंशानुक्रम"

१)	राम प्रसाद पौड्याल छोरा को संख्या रवि र रतन	२
२)	रतन प्रसाद पौड्याल	१
३)	धौलु प्रसाद पौड्याल	२, रामखोर र कल्याण ।
४)	कल्याण	१
५)	रघु	१
६)	रतन	१
७)	जगन्नाथ	३
८)	कुलपति	१
९)	वंशे	५
१०)	नन्नराम	८
११)	रतन	४ [४] ८
१२)	देउनु	५
१३)	मोतीलाल	३
१४)	नारनदत्त	३
१५)	भुवानिशङ्कर	८
१६)	मोहदत्त	४
१७)	काशीराम शर्मा शास्त्री	३
१८)	कृष्ण प्रसाद शर्मा	

आत्रेयका सगोत्रीहरू निम्नछन् ।

(१) दुवाडी दुलाल, पौड्यालमा – काला सेता राता पँहेला । अर्जेलमा बगालेर बिहारे । थापामा-बगाले पुवार, बगाले खुलाल, "पानी पोख्रेल" कालीकोटे, कालिकोटि–खड्का, यी माथिका सवैको गोत्र आत्रेय हुन्छ । प्रवर तीन–आत्रेयः, अर्चनानसः, श्यावाश्व श्चेति त्रिप्रवरः ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmand

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



लेखक:–
काशीराम शर्मा शास्त्री
स्नातकोत्तर डिग्री
" नेपाली विएड् "
" राजनिती अनर्स "

प्रकाशक:–
नारायण प्रसाद पौडेल
वि० ए० राजनिती शास्त्र
प्रविण प्रकाशन
नारायणघाट क्षेत्रपुर
" चितवन

प्रथम प्रकाशन मिती . २०४५।८।११
प्रथम संस्करण १००/ प्रति

सर्वाधिकार लेखकमा निहित

मुल्य रू० १०५।

मुद्रक :–
प्रतिमा छापाखाना
नारायणघाट क्षेत्रपुर
(चितवन)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu